# अनौपचारिक क्षेत्रमा कोभिड–१९ को प्रभाव र न्यूनीकरणका सम्भाव्य रणनीति अध्ययन–प्रतिवेदन २०७९

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं, नेपाल

फोन: +९७७-१-४२११९७०

फ्याक्स: +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

# अनौपचारिक क्षेत्रमा कोभिड–१९ को प्रभाव र न्यूनीकरणका सम्भाव्य रणनीति

# अध्ययन–प्रतिवेदन २०७९

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार, काठमाडौं, नेपाल**

**फोनः +९७७-१-४२११९७०**

**फ्याक्सः +९७७-१-४२११७००**

Email: npcs@npc.gov.np

राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, नेपालका लागि परामर्शदाता पेशागत विकासका निम्ति राष्ट्रिय संस्थान (मिडिया हाउस) का तर्फबाट तोया गौतम, चित्र निरौला, सहनशीला शर्मा, विष्णु खड्का, जेसिका गिरी, प्रजिता बज्राचार्य र अभिषेक पन्थीद्वारा तयार गरिएको अनौपचारिक क्षेत्रमा कोभिड-१९को प्रभाव र न्यूनीकरणका सम्भाव्य रणनीति अध्ययन-प्रतिवेदन २०७९।

# विषयसूची

**कार्यकारी सारांश**
**परिच्छेद -१ : अध्ययनको पृष्ठभूमि तथा उद्देश्य** **१**
- पृष्ठभूमि १
- अध्ययनको उद्देश्य २

**परिच्छेद -२ : अध्ययनका सीमा तथा अपनाइएका विधि** **३**
- अध्ययनको सीमा ३
- जानकारी संकलन ३
- विभिन्न क्षेत्रका श्रमिकहरूसँग प्रश्नावली-अन्तर्वार्ता ३
- श्रमिकहरूसँग सम्बद्ध संगठनका प्रतिनिधिहरूसँग प्रश्नावली-अन्तर्वार्ता ४
- प्राध्यापक तथा उच्च-पदस्थ कर्मचारीसँग प्रश्नावली-अन्तर्वार्ता ४
- द्वितीयक स्रोतका रूपमा सन्दर्भ-सामग्रीहरूको अध्ययन ५
- उपलब्ध तथ्य, तथ्याङ्क र सूचनाको विश्लेषण तथा सुझाव निर्माण ५

**परिच्छेद -३ : प्राप्त जानकारी एवम् विश्लेषण** **६**
- अनौपचारिक अर्थतन्त्र के हो ? ६
- नेपालमा अनौपचारिक अर्थतन्त्रको हिस्सा ७
- नेपालमा अनौपचारिक क्षेत्रको अवस्था ८
- अनौपचारिक श्रम क्षेत्रको व्यवस्थापनमा खेल्नुपर्ने भूमिका १०
- सङ्गठित हुने सन्दर्भमा अनौपचारिक क्षेत्रका श्रमिकहरूको धारणा १२
- पेशा-व्यवसाय दर्ताको सन्दर्भमा अनौपचारिक क्षेत्रका स्वरोजगार एवम् श्रमिकहरूको धारणा १२

**परिच्छेद -४ : नेपालको अनौपचारिक क्षेत्रमा कोभिड-१९ बाट सिर्जित प्रभाव र समाधानका प्रयत्न** **१४**
- कोभिड-१९ बाट सिर्जित प्रभाव १४
- जीविकोपार्जनको अवस्थाका सन्दर्भमा १४
- पेशा परिवर्तनको अवस्थाका सन्दर्भमा १५
- स्वास्थ्य अवस्थाका सन्दर्भमा १५
- मानसिक असरका सन्दर्भमा १५
- कोभिड-१९ जस्तो सङ्कट आउँदा अनौपचारिक क्षेत्रका जनशक्तिको अपेक्षा १५

**परिच्छेद -५ : अध्ययनको निष्कर्ष तथा द्रुत पुनरुत्थानका लागि सुझाव** **१७**
- निष्कर्ष १७

- द्रुत पुनरुत्थानका लागि सुझाव १७
- तथ्याङ्कको अभावका लागि १७
- जीविकोपार्जनको समस्याका लागि १८
- मानसिक समस्याका लागि १८
- औषधोपचारको समस्याका लागि १९
- अनौपचारिकबाट औपचारिकतर्फ रूपान्तरणका लागि १९

**अनुसूची**

अनुसूची -१ : सन्दर्भ सामग्री २०
अनुसूची -२ : अध्ययनमा जानकारी प्रदान गर्ने व्यक्तिहरूको विवरण २१
अनुसूची -३ : अध्ययनको क्रममा प्रयोग गरिएका प्रश्नावली २४

# कार्यकारी सारांश

नेपालमा सञ्चालित व्यवसायहरूको ठूलो हिस्सा अनौपचारिक क्षेत्रसँग सम्बन्धित रहेको अनुमान छ । विभिन्न स्रोतहरूले नेपालको अर्थतन्त्रमा यसको आकार ४९.९ प्रतिशत रहेको र कुल श्रमशक्तिको ६२.२ प्रतिशतभन्दा धेरै नेपालीहरू अनौपचारिक क्षेत्रमा संलग्न रहेको देखाएका छन् ।

नेपाली अर्थतन्त्रको यो महत्वपूर्ण हिस्सालाई कसरी परिभाषित गर्ने, यसमा कोभिड-१९ जस्ता सङ्कटले के कस्तो असर पार्न सक्दछन् र त्यस्तो सङ्कट आइपर्दा के कस्ता द्रुत पुनरुत्थानका कामहरू गर्न ध्यान दिइनु पर्दछ भन्ने बारेमा अध्ययनको खाँचो छ । यही खाँचोलाई महसुस गर्दै सन् २०२२ को पूर्वार्द्धमा राष्ट्रिय योजना आयोगका लागि 'पेशागत विकासका निम्ति राष्ट्रिय संस्थान (National Institute for Career Development)' ले काठमाडौं उपत्यकामा आधारित एउटा द्रुत अध्ययन कार्य सम्पन्न गरेको छ । यस प्रतिवेदनमा सो अध्ययन, त्यसबाट पाइएका जानकारी र तिनका आधारमा तयार पारिएका सुझावहरू समेटिएका छन् ।

अध्ययनमा विभिन्न अनौपचारिक क्षेत्रमा कार्यरत ४४ जना श्रमिकहरू तथा केही प्राध्यापक, श्रमिक संगठनका प्रतिनिधि र उच्चपदस्थ कर्मचारीहरूबाट प्राथमिक जानकारी लिइएको छ । यसैगरी द्वितीयक स्रोतको रूपमा केही राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सन्दर्भ सामग्रीहरूबाट पनि जानकारी हासिल गरिएको छ ।

प्राप्त जानकारीलाई विश्लेषण गर्दै यस अध्ययन-प्रतिवेदनले नेपालको वर्तमान सन्दर्भमा अनौपचारिक अर्थतन्त्रलाई औपचारिक रूपमा राज्यबाट व्यवस्थित वा प्रशासित नभएको, राज्यको आर्थिक नक्सामा नदेखिएको, असङ्गठित तर अर्थतन्त्रको एउटा प्रमुख मेरुदण्डको रूपमा रहेको क्षेत्रको रूपमा परिभाषित गरेको छ । यसमा संलग्न श्रमशक्तिको अत्यधिक ठूलो संख्यालाई श्रमिकसम्बद्ध सङ्गठनहरूले पनि समेट्न नसकेको कुरा प्रतिवेदनले दर्शाएको छ । अध्ययनले नेपालको अनौपचारिक अर्थतन्त्र समेत अन्य विभिन्न क्षेत्रहरू झैं कोभिड-१९ले नराम्रोसँग प्रभावित भएको र यस क्षेत्रमा संलग्न जनशक्तिले विशेषगरी जीविकोपार्जन, मानसिक तनाव एवम् स्वास्थ्य समस्याहरू झेल्नु परेको साथै कतिपयले त पेसा परिवर्तन गर्न समेत बाध्य हुनु परेको पनि देखाएको छ । अध्ययनको क्रममा यस्तो बेला अनौपचारिक क्षेत्रका स्वरोजगार तथा श्रमिकहरूले सम्बन्धित सरोकारवालाहरूबाट सर्वसाधारण नागरिकले पाएको भन्दा कुनै पृथक वा विशिष्ट सहयोग नपाएको दर्शाएको छ ।

कोभिड-१९ जस्तो परिस्थिति आउँदा अनौपचारिक अर्थतन्त्र र यसमा संलग्न जनशक्तिले भोग्नुपर्ने समस्या समाधानका लागि राज्यका सङ्घीय तह, प्रदेश तह, स्थानीय तह, गैरसरकारी क्षेत्रका संस्थाहरू, श्रमिकसम्बद्ध संगठनहरू र श्रमिक तथा स्वरोजगार स्वयंको पनि भूमिका हुने तर कोभिड-१९ का बेला राज्य वा सरोकारवालहरूबाट त्यस्तो अपेक्षित भूमिका नखेलिएको तथ्य पनि यस अध्ययनले उजागर गरेको छ ।

अध्ययनका आधारमा आगामी दिनहरूमा पनि यस्तो समस्या आएका खण्डमा द्रुत समाधान एवम् पुनरुत्थानका लागि निम्नानुसारका काम गर्नुपर्ने सुझाव दिइएको छः

- अनौपचारिक क्षेत्रका श्रमिक एवम् स्वरोजगारको तथ्याङ्क संकलन र त्यसलाई निरन्तर अद्यावधिक गर्ने ।

- सङ्कटका बेला जीविकोपार्जनको समस्या समाधान गर्न राहतका प्याकेज त आवश्यक पर्छन् तर त्यस्ता क्रियाकलापमा मात्र सीमित नरही श्रमिक एवम् स्वरोजगारहरूमा सहज परिस्थितिकै बेलामा यस्तो सङ्कटका घडीका लागि भनेर केही न केही बचत गर्नुपर्छ भन्ने सोच र बानी विकास गर्न अभिप्रेरणा जगाउने एवम् आ-आफ्नै घर वा डेरामा बसेर गर्न सकिने वैकल्पिक आयमूलक कामका लागि सङ्कट अगावै सीपमूलक तालिमहरू प्रदान गर्ने ।

- सङ्कटका बेला आउनसक्ने मानसिक समस्याको मुख्य कारण जीविकोपार्जनकै समस्या भएकाले सोको समाधानका लागि मूलतः जीविकोपार्जनको समस्या समाधानका उपायहरू अवलम्बन गर्ने र मनोसामाजिक परामर्शमूलक सन्देशहरू निरन्तर प्रवाह गर्ने ।

- सङ्कटका बेला आउनसक्ने स्वास्थ्य समस्या समाधानका लागि संघ तथा प्रदेश सरकारहरूले स्थानीय तहमा समयमै औषधोपचारका सामग्रीहरू उपलब्ध गराउने एवम् स्थानीय तह र सम्बद्ध स्वास्थ्य संस्थाहरूले औषधोपचारका लागि सहज वातावरण मिलाउने, यस्तो अवस्थामा प्रयोग गर्न सकिने अक्षयकोष निर्माण गर्ने, आफ्नो क्षेत्रमा उपलब्ध स्वास्थ्यसँग सम्बन्धित जनशक्तिको सूची सङ्कटका बेला परिचालन गर्नका लागि तयार गरिराख्ने, सम्भाव्य आइसोलेसन सेन्टरहरू व्यवस्थित गर्न सकिने ठाउँ तथा सुविधा नक्साङ्कन गरिराख्ने र स्वास्थ्य-बीमा कार्यक्रम सञ्चालनमा ल्याउने काम गर्ने ।

- अनौपचारिक अर्थतन्त्रलाई शून्य बनाउन नसकिए पनि औपचारिक क्षेत्रमा रूपान्तरण गर्न उत्प्रेरित गर्ने खालका नीति एवम् रणनीतिहरू अपनाई कार्यान्वयन गर्ने ।

*****

# परिच्छेद – १

# अध्ययनको पृष्ठभूमि तथा उद्देश्य

## पृष्ठभूमि

सन् २०१९ को डिसेम्बरबाट सुरू भएको कोरोना भाइरस (कोभिड-१९)को प्रकोपका कारण विश्वले नै ठूलो मानवीय तथा आर्थिक सङ्कट व्यहोर्नु पऱ्यो । यसले विश्व अर्थतन्त्रको समग्र उत्पादन, उत्पादकत्व एवम् आपूर्ति प्रणालीमा प्रतिकूल प्रभाव पाऱ्यो । लाखौं मानिसहरू रोजगारी गुमाउन बाध्य भए । नेपालले पनि यो महामारी रोकथामका लागि २०७६ चैत ११ गतेदेखि बन्दाबन्दी लगायतका उपायहरू अवलम्बन गर्न बाध्य हुनु परेकाले यसबाट सिर्जना भएको असहज परिस्थितिका कारण यहाँको अर्थतन्त्र र जनजीवन गम्भीर रूपमा प्रभावित भयो ।

कोभिड-१९ का कारण आर्थिक वर्ष २०७६/७७ मा नेपालको आर्थिक वृद्धि ऋणात्मक रह्यो । २०७७ सालको उत्तरार्द्धबाट पुनर्उत्थानउन्मुख रहेको अर्थतन्त्र २०७८ बैशाखको तेस्रो साताबाट सुरू भएको महामारीको दोस्रो चरणको रोकथामका लागि गरिएका विविध उपायहरूबाट पुनः प्रभावित हुन पुग्यो । यस बाध्यकारी परिस्थितिबाट नेपालले गम्भीर स्वास्थ्य सङ्कटका साथै जीविकोपार्जनका क्षेत्रमा समेत जटिल समस्याहरू ब्यहोर्नु पऱ्यो । नेपालको अर्थतन्त्रमा पर्यटन तथा अन्य क्षेत्रहरू जस्तै : होटल, ट्रेकिङ्ग, यातायात, घरेलु उद्योग, निर्यात, लगानी, विप्रेषण तथा रोजगारीजस्ता धेरैवटा क्षेत्रहरू प्रभावित बने । यस्ता विविध क्षेत्रहरूमध्ये नेपालको अर्थतन्त्र र रोजगारीका सन्दर्भमा महत्वपूर्ण स्थान रहँदै आएको अनौपचारिक क्षेत्रले पनि कोभिड-१९ को मार खेप्नु पऱ्यो ।

नेपालमा सञ्चालित व्यवसायहरूको ठूलो हिस्सा अनौपचारिक क्षेत्रसँगै सम्बन्धित रहेको अनुमान छ । यस क्षेत्रले कृषि र अन्य पेशामा संलग्न अनौपचारिक क्षेत्रका कामदारहरू, दैनिक ज्यालादारी श्रमिकहरू, पारिवारिक लघु व्यवसायीहरू, खाद्यवस्तु र अन्य सामान बिक्री गर्ने ठेलावालाहरू, रिक्सा चालकहरू एवम् समाजको कमजोर सामाजिक तथा आर्थिक समूहका लाखौंलाई रोजगारी दिएको अनुमान छ, तर यसको वास्तविक तथ्याङ्क भने उपलब्ध छैन ।

यस्ता अनौपचारिक क्षेत्रका कामदारहरूको जीवन र व्यवसायको संरचना खासगरी यसको असंगठित स्वरूप र कानूनी दायराबाट बाहिर रहेकाले राज्य-संयन्त्रको आँखा नपरेका कारण पनि कमजोर रहेको छ । यस्तो कमजोर संरचनालाई कोभिड-१९ को सङ्कटले झन् नाजुक बनाएको अनुमान गरिएको छ । अन्य क्षेत्रहरूको तुलनामा यस क्षेत्रले यथोचित संरक्षण र सहयोग प्राप्त गर्न नसकेकाले कोभिड-१९ जस्ता सङ्कटका बेला यस क्षेत्रमा कार्यरत कामदार, दैनिक ज्यालादारी श्रमिक र समाजको कमजोर समूहका लाखौंलाई यसले गरिबीको रेखामुनि धकेलेको अनुमान छ । तर, यसो हुँदाहुँदै पनि यस सङ्कटले अनौपचारिक श्रम क्षेत्रका लागि नीतिगत निर्णयहरूका आधारमा स्वास्थ्य एवम् आधारभूत सेवाहरूको पुहँचमा विद्यमान अमानताहरूलाई सम्बोधन गर्ने, आधारभूत अधिकारहरू सुनिश्चित गर्ने, आर्थिक सुरक्षा सञ्जालहरू विस्तार गर्ने तथा अनौपचारिक आर्थिक क्षेत्रको द्रुत पुनरुत्थान (Smart and Rapid Recovery) हासिल गर्ने कामका लागि अवसरको ढोका भने खोलिदिएको

छ, जसबाट देशको समग्र अर्थतन्त्र र जनजीवनमा कोभिड-१९ ले पारिरहेको दुस्प्रभावलाई न्यूनीकरण गर्दै सामान्य अवस्थामा लैजानका लागि मार्ग प्रशस्त हुन सक्ने सम्भावना छ।

त्यसैले अनौपचारिक अर्थतन्त्रको प्रमुख निर्माणकर्ताको रूपमा रहेको अनौपचारिक श्रम क्षेत्रमा कोभिडले पारेको प्रभावको बेग्लै अध्ययन गरेर आवश्यक न्यूनतम ज्ञान आर्जन गरी यस क्षेत्रको पुनरुत्थानका लागि विशिष्ट कार्यक्रमहरू तय गर्नुपर्ने स्थिति छ। यही परिस्थितिलाई महसुस गर्दै राष्ट्रिय योजना आयोगका लागि 'पेशागत विकासका निम्ति राष्ट्रिय संस्थान' (National Institute for Career Development) ले वि.सं. २०७८/७९ मा (अर्थात् सन् २०२२ को पूर्वार्द्धमा) अनौपचारिक क्षेत्रको अवस्था, कोभिड-१९ को प्रभाव र यस्तो अवस्थामा पुनरुत्थानका लागि गर्नुपर्ने कामका सन्दर्भमा अध्ययन गरेको थियो। यस प्रतिवेदनमा सो अध्ययन के कसरी गरियो र अध्ययनबाट के कस्ता जानकारी प्राप्त भए भन्ने कुराहरूका साथै तिनका आधारमा भविष्यमा यस्तो सङ्कट आउँदा अनौपचारिक क्षेत्रको द्रुत पुनरुत्थानका लागि के कस्ता उपायहरू अपनाउनु पर्दछ भन्ने सुझावहरू समेत प्रस्तुत गरिएको छ।

## अध्ययनको उद्देश्य

कोभिड-१९ले विशेषगरी नेपालको अर्थतन्त्रको एउटा प्रमुख आधारको रूपमा रहेको अनौपचारिक क्षेत्रमा सङ्कटपूर्ण परिस्थिति सिर्जना गरेको परिस्थितिमा आधारित रहँदै यस्तो परिस्थितिसँग मिल्दोजुल्दो अवस्था भविष्यमा पनि दोहोरिएमा त्यसका के कस्ता प्रभावहरू पर्नसक्ने रहेछन् भन्ने कुराको आकलन गर्नु र त्यस्तो अवस्थामा अनौपचारिक क्षेत्रलाई द्रुत पुनरुत्थान (Quick Recovery) गर्न सरकार एवम् अन्य सरोकारवालाहरूले के कस्ता कामहरू गर्नु जरूरी छ भन्ने आधारहरू निर्माण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ।

अध्ययनका निर्दिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- नेपालको सन्दर्भमा अनौपचारिक श्रम तथा रोजगारीको क्षेत्र परिभाषित गर्नु
- कोभिड-१९ का कारण अर्थतन्त्र र त्यसमा पनि विशेषगरी अनौपचारिक श्रम तथा रोजगारीको क्षेत्रमा सिर्जित सङ्कटको यथार्थपरक ढङ्गले लेखाजोखा गर्नु
- अनौपचारिक श्रम तथा रोजगारीको क्षेत्रलाई कोभिड-१९ जस्ता आकस्मिक सङ्कटबाट द्रुत पुनरुत्थान गर्न सरकार एवम् अन्य सरोकारवालाहरूले अपनाउनु पर्ने नीतिगत हस्तक्षेपका उपायहरू सुझावको रूपमा प्रस्ताव गर्नु।

# परिच्छेद - २

# अध्ययनका सीमा तथा अपनाइएका विधि

यस प्रतिवेदनको परिच्छेद -१ मा उल्लेख गरिएका उद्देश्यहरू हासिल गर्ने उद्देश्यले गरिएको यो अध्ययन द्रुत लेखाजोखामूलक भएकाले यसमा अनुभवजन्य तथा विवरणात्मक जानकारी संकलन गर्ने कार्यलाई बढी जोड दिइएको छ । त्यसैले यसमा प्रयुक्त विधिहरूमा सांख्यिकीय विश्लेषणका विधिहरू भन्दा गुणात्मक जानकारी संकलन गर्ने विधिलाई नै बढी प्रयोग गरिएको छ ।

यस अध्ययनको सीमा तथा अपनाइएका विधिहरू निम्नानुसार रहेका छन् :

## क. अध्ययनको सीमा

सीमित स्रोत-साधन र छोटो समयमा अध्ययन गरिएकाले पनि यो अध्ययन काठमाडौं उपत्यकामा मात्र सीमित रहेको छ ।

यसैगरी अनौपचारिक क्षेत्रको आयाम बृहत् भएता पनि विषयगत रूपमा यो अध्ययनमा स-साना पसल-व्यवसाय, यातायात, होटल तथा रेष्टुरेन्ट, निर्माण, प्लम्बर तथा काठमिस्त्री र सैलुनजस्ता स्वरोजगारका काम अनि घरेलु श्रम एवम् ठेलागाडा र सडकमा गरिने स-साना व्यवसायमा संलग्न क्षेत्रहरूले भोगेको कोभिड-१९ को परिस्थितिलाई मात्र उदाहरणमूलक रूपमा लिइएको छ । अनौपचारिक क्षेत्रका अनेकन् समस्या वा अवस्थाहरू भएता पनि यो अध्ययन मूलरूपमा कोभिड-१९ को परिस्थितिमा नै बढी केन्द्रित रहेको छ ।

## ख. जानकारी संकलन

मूलतः यस अध्ययनलाई द्वितीयक स्रोतहरूमा केन्द्रित गर्ने प्रारम्भिक सोच रहेको भए तापनि अनौपचारिक क्षेत्रले नेपालमा कोभिड-१९ को बेला भोग्नु परेको अवस्थासँग सम्बन्धित जानकारीका उपयुक्त द्वितीयक स्रोतहरूको अभाव महसुस गरिएकाले प्राथमिक तथा द्वितीयक दुवै स्रोतहरू प्रयोग गरी जानकारी संकलन गरिएको छ । जानकारी संकलनका सन्दर्भमा प्रयोग गरिएका विधिहरू निम्नानुसार रहेका छन् :

### ख.१ विभिन्न क्षेत्रका श्रमिकहरूसँग प्रश्नावली-अन्तर्वार्ता

यस अध्ययनमा स-साना पसल-व्यवसाय, यातायात, होटल तथा रेष्टुरेन्ट, निर्माण, प्लम्बर तथा काठमिस्त्री र सैलुनजस्ता स्वरोजगारका काम अनि घरेलु श्रम एवम् ठेलागाडा र सडकमा गरिने स-साना व्यवसायमा संलग्न क्षेत्रमा आधारित काठमाडौं उपत्यकाका अनौपचारिक रोजगारी तथा श्रम क्षेत्रका २४ जना पुरूष तथा २० जना महिला गरी ४४ जनासँग प्रश्नावलीका आधारमा अन्तर्वार्ता गरिएको छ । यस अन्तर्वार्तामार्फत् मूलतः अनौपचारिक क्षेत्रका श्रमिकहरूको निम्नानुसारको अवस्था बुझ्ने प्रयत्न गरिएको छ :

- जीविकोपार्जनको अवस्था र कोभिड-१९ को असर
- कोभिड-१९ का कारण सिर्जित सङ्कटपूर्ण अवस्थामा उनीहरूले प्राप्त गरेको सहयोगको स्थिति
- पेशा परिवर्तनको अवस्था
- स्वास्थ्यको अवस्था
- मानसिक अवस्था
- सङ्गठित वा असङ्गठित अवस्था
- उनीहरूको व्यवसाय दर्ताको अवस्था

अध्ययनको क्रममा उल्लिखित जानकारी हासिल गर्न प्रयोग गरिएको प्रश्नावली यस प्रतिवेदनको अनुसूची-३ मा राखिएको छ ।

**ख.२ श्रमिकहरुसँग सम्बद्ध संगठनका प्रतिनिधिहरूसँग प्रश्नावली-अन्तर्वार्ता**

यस अध्ययनमा श्रमिकहरूसँग सम्बद्ध दुईवटा मुख्य संगठनका प्रतिनिधिहरूसँग पनि प्रश्नावलीका आधारमा अन्तर्वार्ता गरिएको छ । यस अन्तर्वार्तामार्फत् मूलतः निम्नानुसारका सन्दर्भहरूमा जानकारी हासिल गर्ने प्रयत्न गरिएको छ :

- नेपालको सन्दर्भमा अनौपचारिक श्रम क्षेत्र परिभाषित गर्नेबारेको बुझाइ
- नेपालको ग्रामीण तथा शहरी क्षेत्रमा अनौपचारिक क्षेत्रका श्रमिकहरूको सङ्ख्यात्मक अवस्थितिको मोटामोटी अनुमान
- श्रमिकहरूसँग सम्बद्ध संगठनमा अनौपचारिक क्षेत्रका श्रमिकहरूको आबद्धताको अनुमान
- अनौपचारिक क्षेत्रका श्रमिकहरूले भोग्नु परेका प्रमुख समस्याहरू
- अनौपचारिक क्षेत्रका श्रमिक वा स्वरोजगारहरूलाई व्यवस्थापन गर्ने र उनीहरूले भोग्नु परेका प्रमुख समस्याहरूको समाधान गर्ने काममा विभिन्न क्षेत्रले खेल्नुपर्ने भूमिका
- श्रमिक सम्बद्ध संगठनको बुझाइका आधारमा कोभिड-१९ का बेलामा अनौपचारिक क्षेत्रका श्रमिक वा स्वरोजगारहरूले भोग्नु परेका समस्याहरू
- फेरि पनि कोभिड-१९ र लकडाउनजस्तो संकटको कुनै परिस्थिति सिर्जना भयो भने त्यस्तो बेलामा अनौपचारिक क्षेत्रका श्रमिकहरूले भोग्नु पर्ने प्रमुख समस्याहरूको समाधानका लागि विभिन्न क्षेत्रले खेल्नुपर्ने भूमिका
- अनौपचारिक क्षेत्रका स्वरोजगारहरू संगठित हुने तथा सम्बद्ध निकायमा दर्ता भएर अघि बढ्ने सवालमा रहेका मुख्य चुनौतीहरू

अध्ययनको क्रममा उल्लिखित जानकारी हासिल गर्न प्रयोग गरिएको प्रश्नावली यस प्रतिवेदनको अनुसूची-३ मा राखिएको छ ।

**ख.३ प्राध्यापक, उच्च-पदस्थ कर्मचारी आदिसँग प्रश्नावली-अन्तर्वार्ता**

यस अध्ययनमा अनौपचारिक क्षेत्रका श्रमिकहरूको अवस्थाका बारेमा केही प्राध्यापक तथा उच्च-पदस्थ कर्मचारीहरूबाट प्रश्नावलीका आधारमा निम्न कुराहरूका बारेमा जानकारी संकलन गर्ने प्रयत्न गरिएको छ :

- अनौपचारिक क्षेत्रको परिभाषा

- नेपालको अनौपचारिक क्षेत्रका समस्याहरू
- नेपालको अनौपचारिक क्षेत्रसँग सम्बद्ध नीति तथा कार्यक्रमहरू
- कोभिड-१९ बाट नेपालको अर्थतन्त्रमा उत्पन्न सङ्कट तथा सोको समाधानका लागि सुझावहरू

अध्ययनको क्रममा उल्लिखित जानकारी हासिल गर्न प्रयोग गरिएको प्रश्नावली यस प्रतिवेदनको अनुसूची-३ मा राखिएको छ ।

**ख.४ द्वितीयक स्रोतका रूपमा सन्दर्भ–सामग्रीहरुको अध्ययन**

यस अध्ययनमा अनौपचारिक क्षेत्रका सन्दर्भमा निम्नानुसारका जानकारीहरू हासिल गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन गरिएको छ :

१. अनौपचारिकबाट औपचारिक अर्थतन्त्रमा रूपान्तरणसम्बन्धी धारणा र चुनौतिहरू

२. नेपाली अनौपचारिक श्रमिकहरूका कष्टलाई कोभिड-१९ को सङ्कटले पारेको प्रभाव

३. अनौपचारिक श्रमिकहरूमाथि कोभिड-१९ को प्रभाव, र

४. अनौपचारिक क्षेत्रका व्यवसायहरूलाई कोभिड-१९ बाट बच्न सघाउने उपायहरू

उल्लिखित जानकारी हासिल गर्न अध्ययन गरिएका सन्दर्भ सामग्रीहरूको सूची यस प्रतिवेदनको अनुसूची-३ मा राखिएको छ ।

## ग. उपलब्ध तथ्य, तथ्याङ्क र सूचनाको विश्लेषण तथा सुझाव निर्माण

उल्लिखित जानकारी संकलनका स्रोतहरूबाट तथ्य, तथ्याङ्क र सूचनाहरू हासिल गरेपछि तिनलाई यस अध्ययनका उद्देश्यहरूका आधारमा विश्लेषण गरिएको छ । सो विश्लेषणका आधारमा कोभिड-१९ जस्ता सङ्कटबाट अनौपचारिक क्षेत्रको द्रुत पुनरुत्थानका लागि प्रस्तावित नीतिगत हस्तक्षेपको खाका (Policy Intervention Framework) तथा निम्नानुसारका सम्बद्ध क्षेत्रको अपेक्षित भूमिका सहित सुझाव निर्माण गर्ने कार्य गरिएको छ :

- सरकारी निकायको भूमिका
- गैरसरकारी क्षेत्रका सरोकारवालाहरूको भूमिका
- श्रमिकहरूसम्बद्ध सङ्गठनहरूको भूमिका
- अनौपचारिक क्षेत्रका कामदार तथा स्वरोजगारहरू स्वयंको भूमिका

# परिच्छेद – ३

# प्राप्त जानकारी एवम् विश्लेषण

प्रतिवेदनको यस परिच्छेदमा नेपालको त्यसमा पनि विशेषगरी काठमाडौंको अनौपचारिक क्षेत्रमा गरिएको अध्ययनबाट प्राप्त जानकारीहरू र तिनको विश्लेषण प्रस्तुत गरिएको छ ।

**अनौपचारिक अर्थतन्त्र के हो ?**

सामान्यतः खुद्रा पसलदेखि सडक वा ठेलागाडामा गरिने व्यवसाय, काठ मिस्त्रीदेखि डकर्मीहरूले जीविकोपार्जनका लागि गरिरहेका कामहरू, किसानहरूले गरिरहेका कृषि कार्यदेखि तिनको उत्पादन बजारसम्म पुऱ्याउने बिचौलियाहरूको काम, घर-जग्गा दलालीदेखि कर तथा भन्सार छली व्यापार र मनि लाउन्ड्रिङसम्मका कामहरू, पर्यटकका भारी बोक्ने भरियादेखि सार्वजनिक यातायातमा चालक वा सहचालकले आयआर्जनका लागि गरिरहेका काम, घरेलु कामदारहरूले गर्दै आएका काम लगायत अनेकौं किसिमका कामहरू नेपालमा पनि सर्वत्र प्रत्यक्ष रूपमा देखिन्छन् । यस्ता धेरैजसो कामहरू सरकारी निकायमा दर्ता भएका छैनन् र सामान्यतः देशको कुल गार्हस्थ्य उत्पादनको गणनामा पनि परेका पाइँदैनन् । यही सरकारी निकायमा दर्ता नभएको, देशको कुल गार्हस्थ उत्पादनको गणनामा नपरेको र असङ्गठित अवस्थामा रहेको अर्थतन्त्र एवम् श्रमको क्षेत्रलाई अनौपचारिक क्षेत्रको रूपमा लिन सकिन्छ ।

यस अध्ययनको क्रममा श्रमिकहरूसँग सम्बद्ध संगठनहरू नेपाल ट्रेड युनियन महासंघ र नेपाल ट्रेड युनियन काँग्रेसका प्रतिनिधिहरूले पनि कृषि, निर्माण, यातायात, सडक व्यापार, घरेलु श्रम, सौन्दर्य प्रसाधन, साना पसल, इम्ब्रोइडरी लगायत विभिन्न क्षेत्रमा अनौपचारिक श्रमिकहरू रहेको उल्लेख गरेका छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार पनि अनौपचारिक अर्थतन्त्र भन्नाले राज्यका संयन्त्रहरूले कानूनी वा व्यावहारिक रूपमा पूर्ण वा पर्याप्त मात्रामा समेट्न नसकेका आर्थिक इकाइहरू र कामदारहरू संलग्न हुने आर्थिक क्रियाकलापहरूलाई जनाउँदछ । यस्ता क्रियाकलापहरू कानूनको दायराभित्र नपरेका र औपचारिक पहुँचभन्दा टाढा सञ्चालनमा रहेका हुन्छन् ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सुझाव नं. २०४ अनुसार अनौपचारिक अर्थतन्त्रले श्रमिकहरू वा आर्थिक एकाईहरूले गर्दै आएका कानुन वा व्यवहारमा औपचारिक व्यवस्थाहरूबाट प्रबन्ध नगरिएका वा पर्याप्त प्रबन्ध नगरिएका सबै आर्थिक क्रियाकलापहरूलाई जनाउँदछ, तर कानुनले निषेध गरेका विशेषगरी अवैध सेवा वा उत्पादन, बिक्री, भण्डारण वा प्रयोगजस्ता क्रियाकलापहरू लगायत अवैध लागू पदार्थहरू र हात हतियारहरूको उत्पादन र बेचबिखन, मानव बेचबिखन, मनि लाउन्ड्रिङ्ग आदि भने यसभित्र पर्दैनन् ।

अनौपचारिक अर्थतन्त्रको क्षेत्रमा आफैं काम गर्ने र अनौपचारिक ढङ्गले रोजगारी दिने दुवै खाले कामहरू पर्दछन् । सामान्यतः अनौपचारिक आर्थिक क्रियाकलापहरू सूक्ष्म परिमाण र न्यून पूँजी लगानीमा सहज प्रविधिहरू अपनाउँदै, आर्थिक गणनारहित पारिवारिक श्रम र लचिलो कार्यक्षेत्रमा सञ्चालित हुन्छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनले नेपालकै सन्दर्भमा प्रकाशित गरेको प्रतिवेदनअनुसार अनौपचारिक अर्थतन्त्रका तीन आयामहरू छन्- क) अनौपचारिक प्रतिष्ठानहरू वा लघु उद्यमहरू, ख) उत्पादन र सेवासम्बन्धी अनौपचारिक क्रियाकलापहरू, तथा ग) अनौपचारिक रोजगारीमा संलग्न श्रमिकहरू ।

अनौपचारिक अर्थतन्त्रलाई बजार अर्थतन्त्रको एउटा महत्वपूर्ण अङ्गका रूपमा वा बिक्रीका लागि वा केही लाभ लिनका लागि वस्तु र सेवाहरू उत्पादन गर्ने कार्यका रूपमा पनि परिभाषित गरिन्छ ।

अनौपचारिक अर्थतन्त्रलाई पुनरूत्पादक वा स्याहार-सुसार अर्थतन्त्रको रूपमा भने लिनु हुँदैन, जुन बिनापारिश्रमिक हुने गर्छ (आई.एल.ओ. २००२, अनौपचारिक अर्थतन्त्रमा महिला र पुरूषहरू) । अर्कोतर्फ, अनौपचारिक अर्थतन्त्रलाई बेरोजगार मानिसहरूका लागि शरणगृह पनि भनिन्छ, किनकि अर्थतन्त्रमा औपचारिक रोजगारीका अवसरहरू सुस्त हुँदा यसैले मानिसहरूलाई काम दिन्छ । अर्थशास्त्रमा अनौपचारिक अर्थतन्त्र भनेको राज्य नियन्त्रित आर्थिक गतिविधिहरूभन्दा बाहिर गरिने विनिमयको प्रणाली हो ।

यो अनौपचारिक अर्थतन्त्रको मेरुदण्डको रूपमा मूलतः मान्यता प्राप्त नभएका वा नियमित नरहेका आर्थिक सम्बन्धहरूमा काम गर्ने असङ्गठित स्वरोजगार तथा श्रमिकहरू नै रहेका हुन्छन् ।

उल्लिखित आधारहरूमा विश्लेषण गर्दा अनौपचारिक क्षेत्र अर्थतन्त्रको त्यो खण्ड हो जुन औपचारिक रूपमा राज्यबाट व्यवस्थित वा प्रशासित छैन र असङ्गठित पनि छ तर अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ । कर्पोरेट क्षेत्र/व्यवसाय वा उद्योगहरूलाई केन्द्रमा राखिएको हाम्रो देशको आर्थिक नक्सामा अनौपचारिक क्षेत्र प्रायः देखिँदैन । तर, राज्यको आर्थिक नक्सामा नदेखिए पनि यस्तो अनौपचाकि क्षेत्रमा मुलुकको अत्यधिक ठूलो श्रमशक्ति संलग्न छ र त्यसले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण हिस्सा ओगटेको छ ।

**नेपालमा अनौपचारिक अर्थतन्त्रको हिस्सा**

नेपालमा राज्यस्तरबाट आधिकारिक रूपमा अनौपचारिक अर्थतन्त्रको औपचारिक गणना केही वर्ष अगाडिदेखि मात्र गर्ने प्रयास थालिएको पाइन्छ । केही अन्तर्राष्ट्रिय संस्थाहरूले बेलाबखत यस क्षेत्रसँग सम्बन्धित विभिन्न अध्ययनहरू गर्ने गरेको पाइए पनि केन्द्रीय तथ्याङ्क विभागले पहिलोपटक गरेको राष्ट्रिय आर्थिक गणना, २०७५ बाट अनौपचारिक अर्थतन्त्रको क्षेत्रलाई पनि समेट्ने प्रयास गर्न थालिएको हो । जसले नेपालको अनौपचारिक अर्थतन्त्रको आकार ४९.९ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरेको छ । यद्यपि उक्त अध्ययनले अनौपचारिक अर्थतन्त्रलाई नै मूल आयआर्जनको स्रोत बनाएका विभिन्न प्रकारका बिचौलिया, मध्यस्थकर्ता, दलाल, पेटी ठेकदार, मनि लाउन्ड्रिङ साथै अवैध रूपमा हुने आयात-निर्यातजस्ता आर्थिक क्रियाकलापहरूलाई नसमेटेको हुँदा अनौपचारिक अर्थतन्त्रको आकार विभागको तथ्याङ्कले देखाएको भन्दा ठूलो रहेको सहज अनुमान गर्न सकिन्छ । केन्द्रीय तथ्याङ्क विभागको सन् २०१९ को प्रतिवेदनअनुसार कुल श्रम शक्तिको ६२.२% भन्दा धेरै ( करिब ४४ लाख) नेपालीहरू अनौपचारिक क्षेत्रमा संलग्न छन् ।

यसर्थ, उल्लिखित तथ्याङ्कहरूलाई आधार मान्दा नेपालको अर्थतन्त्रको करिब आधा हिस्सा अनौपचारिक अर्थतन्त्रले ओगटेको छ र नेपालभित्रै कार्यरत रहेको कुल श्रमशक्तिको अत्यधिक ठूलो हिस्सा अनौपचारिक अर्थतन्त्रकै क्षेत्रमा कार्यरत छ । त्यसैले अनौपचारिक अर्थतन्त्र र यसमा संलग्न अनौपचारिक श्रम क्षेत्र नेपालको अर्थतन्त्रको प्रमुख मेरूदण्डको रूपमा रहेको छ ।

**नेपालमा अनौपचारिक क्षेत्रको अवस्था**

नेपालको अर्थतन्त्रको प्रमुख मेरुदण्डको रूपमा रहेर पनि अनौपचारिक अर्थतन्त्र र यसमा संलग्न अनौपचारिक श्रम क्षेत्र समस्याग्रस्त छ । यो क्षेत्र औपचारिक रूपमा दर्ता नभएका कारण पनि राज्यले प्रदान गर्ने सेवा-सुविधामा स्वाभावतः यसको पहुँच छैन ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको रोजगारीलाई दुई भागमा विभाजन गरिन्छ - अनौपचारिक क्षेत्रको रोजगारी (Employment in Informal Sector) र अनौपचारिक रोजगारी (Informal employment) । अनौपचारिक क्षेत्रको रोजगारी प्रतिष्ठानमा आधारित अवधारणा हो भने अनौपचारिक रोजगारी काममा आधारित अवधारणा हो । अनौपचारिक प्रतिष्ठान निजी रूपमा व्यक्ति वा परिवारले सञ्चालन गरेका हुन्छन् । यस्ता प्रतिष्ठानहरू स्वतन्त्र रूपमा अलग्गै निकाय ( कानूनले नियमन गर्नेगरी) गठन भएका हुँदैनन् । यिनीहरू राष्ट्रिय कानूनी प्रावधानहरू, जस्तै : उद्योग वा वाणिज्य ऐन, कर वा सामाजिक सुरक्षा ऐन, व्यावसायिक समूह नियमन ऐन वा नियमावलीबमोजिम व्यवसाय सञ्चालन अनुमति नलिइकन चलिरहेका हुन्छन् ।

अनौपचारिक रोजगारी चाहिँ औपचारिक वा अनौपचारिक दुवै क्षेत्रका प्रतिष्ठानहरूमा वा घरपरिवारमा तथा व्यक्तिले सञ्चालन गरेका कुनै पनि क्रियाकलापमा औपचारिक प्रक्रियाहरू नअपनाई गरिने साथै स्वरोजगारपूर्ण कामहरू हुन् ।

अनौपचारिक रोजगारी भएका व्यक्तिहरूको काम श्रम ऐन र आयकर ऐनजस्ता कानूनी प्रावधानले अनुबन्धित भएको हुँदैन । कामदारहरूका लागि सामाजिक सुरक्षा वा रोजगारीका अन्य सुविधा (जस्तैः अवकाश दिनुपूर्व जानकारी गराइनु पर्ने, उपदान, तलबी वार्षिक वा बिरामी बिदा, बीमा, सञ्चय कोष, सामाजिक सुरक्षाजस्ता सुविधाहरू पाउनु पर्ने) उपलब्ध हुँदैनन् । त्यसैले अनौपारिक क्षेत्रका श्रमिकहरू औपचारिक क्षेत्रका श्रमिकहरू भन्दा बढी जोखिमपूर्ण स्थितिमा रहेका हुन्छन् । नेपालको अनौपचारिक श्रम क्षेत्र पनि यसभन्दा पृथक छैन ।

यस अध्ययनको क्रममा कुराकानी गरिएका प्राध्यापक तथा उच्चपदस्थ कर्मचारीहरूले आम मानिसहरूको दैनिक जीवन र आजीविकालाई अनौपचारिक अर्थतन्त्र तथा अनौपचारिक श्रम क्षेत्रले सहजीकरण, गतिशील र सुदृढ बनाइरहेको बताएका छन् । यसले वस्तु र सेवाहरूको उत्पादन र उपभोगमा उल्लेख्य (Instrumental) एवम् सहजीकरणीय (Facilitative) भूमिका खेलेको कुरा पनि उल्लेख गरेका छन् । तर, उनीहरूको दृष्टिकोणमा यो क्षेत्रका बारेमा आधिकारिक वा गैरआधिकारिक रूपमा सबै सम्बद्ध क्षेत्रलाई प्रशस्त जानकारी भएर पनि र यसका बारेमा राम्ररी बुझेर पनि कदर नगरिएको क्षेत्रको रूपमा रहेको छ । उनीहरूको दृष्टिकोणमा यो क्षेत्र अत्यन्त वेवास्ता गरिएको, शोषित तथा आधारभूत अधिकारहरूबाट वञ्चित रहेको छ ।

यस अध्ययनको क्रममा श्रमिकहरूसँग सम्बद्ध संगठनहरू नेपाल ट्रेड युनियन महासंघ र नेपाल ट्रेड युनियन काँग्रेसका प्रतिनिधिहरूले उल्लेख गरेअनुसार अनौपचारिक क्षेत्रका श्रमिकहरूले भोग्नु परेका प्रमुख समस्याहरू निम्नानुसार छन् :

- पहिचानको अभाव
- न्यूनतम वेतन (पारिश्रमिक) लगायतका सुविधाबाट वञ्चितीकरण
- योगदानमा आधारित सामाजिक सुरक्षाको अभाव
- श्रम ऐनको व्यवस्थाअनुसार श्रम सम्झौता र ऐनका प्रावधानहरूको कार्यान्वयन नहुनु
- रोजगारीको प्रत्याभूतिको अभाव, एवम्
- व्यवसायजन्य स्वास्थ्य र सुरक्षा (ओ.एच.एस.)को अभाव ।

श्रमिकहरूसँग सम्बद्ध संगठनका प्रतिनिधिहरूले यस अध्ययनको क्रममा अनौपचारिक क्षेत्रका श्रमिकहरूको अत्यधिक ठूलो हिस्सा श्रमिकहरूसँग सम्बद्ध संगठनहरूमा आबद्ध हुन नसकेको स्थिति पनि स्वीकार गरेका छन् । यसरी श्रमिकहरूसँग सम्बद्ध संगठनमा आबद्ध हुन नसक्दा अनौपचारिक क्षेत्रका श्रमिकहरूका समस्याहरूको सङ्गठित उठान हुन सकेको छैन ।

यस अध्ययनको क्रममा कुराकानी गरिएका प्राध्यापक तथा केही उच्चपदस्थ कर्मचारीहरूले उठाएका महत्वपूर्ण सवालहरू भने निम्नानुसार पाइएका छन् :

- हिजो पनि अनौपचारिक क्षेत्रका सम्बन्धमा नेपाल सरकारको ठोस योजना र कार्यक्रम नभएको र आज पनि नरहेको अवस्था छ ।

- कानूनी र सामाजिक संरक्षण तथा कल्याणकारी क्रियाकलापहरूको अभावमा यस क्षेत्रले जति योगदान नेपालको अर्थतन्त्रलाई दिन सक्थ्यो त्यति दिन सकेको छैन । न्यून लगानी, चर्को ब्याज, अनुपयुक्त कार्यस्थल, विभेद, लैङ्गिक हिंसाजस्ता कारणहरूले यस क्षेत्रको उत्पादकत्वलाई न्यूनतर बनाइदिएको छ ।

- विगतका कुनै पनि सरकारहरू तथा संघीय गणतन्त्रको स्थापनापछि गठन भएका संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरूले पनि यस विषयमा प्रभावकारी एवम् कुशल नीति, योजना तथा कार्यक्रमहरू विकास गर्न सकेका छैनन् । नेपालजस्तो आर्थिक एवम् वित्तीय स्रोत-साधनको कमी भएको देशको कुनै पनि तहको सरकारले यसलाई समुचित प्राथमिकतामा राखी तात्कालिक र रणनीतिक नीति, योजना र कार्यक्रम नबनाउनु दुःखद कुरा हो ।

- यस विषयमा नेपालको सन्दर्भमा संयुक्त राष्ट्रसंघीय, अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनबाट पनि उपयुक्त एवम् प्रभावकारी नीति, रणनीति र कार्यक्रमहरू आएका छैनन् ।

- सरकारलाई अनौपचारिक क्षेत्रको उपस्थिति र क्रियाकलापको सचेतना भए पनि व्यावहारिक दृष्टिकोणबाट औपचारिक क्षेत्रका प्रतिष्ठान (Corporate) तथा सरकारी एवम् अर्धसरकारी निकायहरूकै हित र स्वार्थबाट मात्र नियामक सरकारी निकायहरू निर्देशित वा प्रभावित छन् ।

- हालसम्म यस विषयमा प्रदेश सरकारहरूको कुनै नीति, योजना र कार्यक्रम देखिएको छैन ।

- अनौपचारिक अर्थतन्त्रका समस्याहरूलाई सम्बोधन गरी यसलाई व्यवस्थित र नियमित गराउनका लागि नेपालको संघीय सरकारका नीति, रणनीति र कार्यक्रमहरू नहुनु नै सबैभन्दा ठूलो बिडम्बना हो । सरकारले अनौपचारिक क्षेत्रका लागि भनेर विशेष नीति र कार्यक्रमहरू तर्जुमा नगरेको भएपनि विकास निर्माणका क्षेत्रमा आमरूपमा अवलम्बन गरिएका कृषि, लघु उद्यम लगायत प्लम्बिङ, विद्युत जडान, निर्माण लगायतका कतिपय विषयहरूमा सीपमूलक तालिमहरू सञ्चालन गरेको छ जसको माध्यमबाट तालिम लिएका श्रमिकहरूले ऋण सापटीहरू लिएर व्यवसाय सुरू गरेका वा विस्तार गरेका छन् । तर, सरकारले भाडा, विद्युत, खानेपानी र ब्याजको महसुलमा गरेको छुट वा मिनाहाबाट ठूला उद्योग र ठूलै व्यापार प्रतिष्ठानहरूले मात्र लाभ लिएका छन् । यस्ता सुविधाहरूमा अनौपचारिक क्षेत्रको पहुँच पुग्न सकेको छैन ।

- कतिपय अनौपचारिक क्षेत्रमा लगानी गरिरहेका तथा काम र रोजगारी उपलब्ध गराइरहेका औपचारिक एवम् अनौपचारिक क्षेत्रका उद्यम वा व्यवसायहरूले कर तिर्नुपर्ने र अन्य कानुनी वा नियामक शर्तहरू अनुपालन गर्नु पर्ने परिस्थितिबाट बच्नका लागि यसलाई नियमित (Regulated) तथा औपचारिक क्षेत्रभित्र ल्याउन चाहेको पाइँदैन ।

- नेपालको अनौपचारिक क्षेत्रलाई अमर्यादित बनाउने कारणहरूमध्ये यस क्षेत्रले कर छल्ने र अन्य कानुनी वा नियामक शर्तहरू अनुपालन नगर्ने कारण नै सबैभन्दा मुख्य कारण हो । यसले गर्दा उनीहरूको ठूलो हिस्सा विद्यमान व्यवसायको अवस्थालाई परिवर्तन गर्न चाहँदैन ।

- न्यून र असमान ज्याला तथा व्यापार गर्ने ठाउँ र मूल्यको प्रतिस्पर्धाले यसभित्र विवादहरू भइरहनु पनि अवरोधका क्षेत्रहरू हुन् ।

- यस क्षेत्रसित सम्बन्धित तथ्याङ्कहरूको अभाव रहेको छ ।

- कतिपय स्थानीय सरकारहरूले कुनै नीति र योजना बेगर हचुवाकै भरमा अन्य कार्यक्रमहरू, जस्तैः प्रधानमन्त्री गरिबी निवारण कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम आदिका ज्यालामूलक, रोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरूसित अनौपचारिक श्रम क्षेत्रलाई गाँस्ने गरेका छन् ।

- यो क्षेत्र नगदमा आधारित अर्थतन्त्रसँग सम्बन्धित रहेको र यसको भूमिका महत्वपूर्ण भएको तर बजारमा साख भने नभएको क्षेत्रका रूपमा रहेको छ ।

उल्लिखित तथ्यहरूले नेपालमा अनौपचारिक अर्थतन्त्र एवम् यसको मेरूदण्डको रूपमा रहेको अनौपचारिक श्रम क्षेत्रको समग्र अवस्था नाजुक रहेको र यसको उपयुक्त व्यवस्थापनका लागि धेरै कामहरू गर्नु पर्ने अवस्था रहेको छर्लङ्ग्याएका छन् ।

**अनौपचारिक श्रमक्षेत्रको व्यवस्थापनमा खेल्नुपर्ने भूमिका**

अनौपचारिक क्षेत्रका श्रमिक वा स्वरोजगारहरूलाई व्यवस्थापन गर्ने र उनीहरूले भोग्नु परेका प्रमुख समस्याहरूको समाधान गर्ने काममा कसले के कस्तो भूमिका खेल्नु पर्दछ भन्ने सन्दर्भमा यस अध्ययनको क्रममा श्रमिकहरूसँग सम्बद्ध संगठनहरू नेपाल ट्रेड युनियन महासंघ र नेपाल ट्रेड युनियन काँग्रेसका प्रतिनिधिहरूले निम्नानुसारका सुझावहरू दिएका छन् :

सङ्घीय वा प्रदेश तहको सरकारले खेल्नुपर्ने भूमिका :

- श्रम ऐनको प्रभावकारी कार्यान्वयन गर्ने/गराउने
- प्रदेश सरकारले पनि श्रमसम्बन्धी उपयुक्त ऐन-कानून निर्माण गरी लागू गर्ने
- अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई पनि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरी यसको सुविधामा पहुँच कायम गराउने

स्थानीय तहको सरकारले खेल्नुपर्ने भूमिका :

- स्थानीय तहमा श्रमिक सम्बद्ध संगठनहरूको प्रतिनिधित्व सहित श्रम-सम्बन्ध समिति गठन गर्ने

- अनौपचारिक क्षेत्रका श्रमिकहरूको पञ्जीकरण गर्ने
- न्यूनतम वेतन निर्धारण र कार्यान्वयनमा जोड दिने
- रोजगारीलाई मर्यादित बनाउने आधारहरू निर्माण गर्ने

गैरसरकारी क्षेत्रका संस्थाहरूले खेल्नुपर्ने भूमिका :

- अनौपचारिक क्षेत्रका श्रमिकहरूको उपयुक्त व्यवस्थापनका लागि सचेतना जगाउन र यस क्षेत्रका मुद्दाहरूको वकालत गर्न सहयोग गर्ने

श्रमिकसम्बद्ध संगठनहरूले खेल्नुपर्ने भूमिका :

- अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई पनि सङ्गठित, प्रशिक्षित र परिचालित गर्ने
- अनौपचारिक क्षेत्रमा पनि श्रम ऐन लागू गराउन दबाब दिने

अध्ययनको क्रममा उत्तरदाताको रूपमा सहभागिता जनाउने प्राध्यापक तथा केही उच्चपदस्थ कर्मचारीहरूले भने निम्न कुराहरू औंल्याएका छन् :

- अनौपचारिक श्रम क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरू अद्यावधिक एवम् व्यवस्थित गर्नु पर्ने,
- नेपालजस्तो आर्थिक एवम् वित्तीय स्रोत-साधनको कमी भएको देशको तीनै तहको सरकारले यसलाई समुचित प्राथमिकतामा राखी प्रभावकारी र कुशल तात्कालिक एवम् रणनीतिक नीति, योजना तथा कार्यक्रमहरू विकास गर्नुपर्ने,
- अनौपचारिक क्षेत्रको उत्पादकत्व बढाउन यस क्षेत्रमा संलग्न जनशक्तिलाई तालिम तथा सहायता प्याकेजहरू अभिवृद्धि गर्नुपर्ने,
- औपचारिक क्षेत्रमा प्रवाहित सामाजिक संरक्षण र अन्य कार्यक्रमहरूलाई अझ लचिलो बनाई अनौपचारिक क्षेत्रमा पनि कार्यान्वयन गर्नुपर्ने,
- बजारमा औपचारिक क्षेत्रले उपभोग गरिरहेका सेवा-सुविधाहरूमा अनौपचारिक क्षेत्रलाई पनि समतामूलक अवसर र स्थान उपलब्ध गराउनु पर्ने,
- अनौपचारिक क्षेत्रलाई औपचारिकतिर रूपान्तरण गर्न आकर्षित गर्ने एकीकृत नीतिगत ढाँचा निर्माण गरी सो अनुरूप विस्तृत योजना र कार्यक्रमहरू अगाडि बढाउनु पर्ने । एकीकृत नीतिगत ढाँचा निर्माण र कार्यान्वयन गर्दा सरकारका विभिन्न तहहरू तथा सम्बन्धित निकाय र प्राधिकारहरू - जस्तै : कर अधिकारीहरू, सामाजिक सुरक्षा निकायहरू, श्रम निरीक्षकहरू, भन्सार अधिकारीहरू, आप्रवासन निकायहरू, रोजगार सुविधा प्रदायकहरू आदि बीच समन्वय सुनिश्चित गर्नु पर्ने ।
- अनौपचारिक क्षेत्रमा कामदारहरूको मर्यादित कामको वातावरण सुनिश्चित गर्नु पर्ने, तथा
- कामका आधारभूत सिद्धान्त र अधिकारहरूको सम्मान, प्रबर्द्धन र परिपूर्ति गर्न निम्न उपायहरू अवलम्बन गर्नु पर्ने :
    - संगठित हुने र सामूहिक सौदाबाजी गर्ने अधिकारको प्रभावकारी मान्यता

- सबै किसिमका बाध्यात्मक वा अनिवार्य श्रमको उन्मूलन
- बालश्रमको प्रभावकारी उन्मूलन
- रोजगारी र पेशासम्बन्धी विभेदको उन्मूलन
- असुरक्षित र अस्वस्थकर कार्यवातावरणलाई सम्बोधन गर्ने उपायहरूको अवलम्बन, र
- श्रमिक एवम् रोजगारदाताहरूको पेशागत सुरक्षा एवम् स्वास्थ्य संरक्षण प्रबर्द्धन र विस्तार ।

**सङ्गठित हुने सन्दर्भमा अनौपचारिक क्षेत्रका श्रमिकहरूको धारणा**

यस अध्ययनको क्रममा अनौपचारिक क्षेत्रका २४ जना पुरूष तथा २० जना महिला गरी कुल ४४ जना श्रमिक एवम् स्वरोजगारहरूसँग कुराकानी गर्दा :

- २ जना मात्र आफ्नो पेशासम्बद्ध समूह तथा संगठनमा (१ जना नाई संघमा र १ जना ब्युटिपार्लर एसोसिएसनमा) आबद्ध भएको पाइयो । बाँकी कोही पनि कुनैपनि श्रमिकसम्बद्ध संगठनमा आबद्ध नभएको पाइयो ।
- यी ४४ जनामध्ये ४ जनाले भने आफूलाई त्यस्ता कुनै पनि संगठनहरूका बारेमा केही पनि थाहै नभएको उल्लेख गरे ।
- १९ जनाले चाहिँ आफ्नो पेशासम्बद्ध श्रमिक संगठनमा सदस्य हुने इच्छा रहेको बताए । यसरी संगठित हुन चाहनुको कारण 'भैपरी आउँदा केही सहयोग होला र कतिपय समस्या आपसमा मिलेर सांगठनिक तवरबाट समाधान गर्न सकिएला' भन्ने रहेको थियो ।
- यस्ता संगठनमा सदस्य हुन नचाहने २० जनामध्ये १ जनाले पढाइ-लेखाइ नभएकाले, २ जनाले संगठनमा दिनका लागि समयको अभाव भएकाले साथै २ जनाले मन नपरेर नचाहेको कारण उल्लेख गरे ।

**पेशा-व्यवसाय दर्ताको सन्दर्भमा अनौपचारिक क्षेत्रका स्वरोजगार एवम् श्रमिकहरूको धारणा**

यस अध्ययनको क्रममा अनौपचारिक क्षेत्रका २४ जना पुरूष तथा २० जना महिला गरी कुल ४४ जना श्रमिक एवम् स्वरोजगारहरूसँग कुराकानी गर्दा :

- ७ जनाले आफ्नो पेशा-व्यवसायलाई वडा कार्यालयमा दर्ता गराएको, वडा कार्यालयमा दर्ता भएकामध्येकै १ जनाले नाई संघमा र १ जना (मसला उत्पादन गर्ने) ले घरेलु कार्यालयमा दर्ता गराएको, २ जना (होटल र डुनोट तथा निम्की बनाउने)ले प्यान नं. लिएको तर अरुहरू भने कुनै पनि निकायमा दर्ता नभएको पाइयो ।
- दर्ता गराउनेहरूले 'दर्ता गराए काम गर्न सजिलो र ढुक्क हुने, सरकारी नियम माने अप्ठ्यारोमा नपरिने, बील चलाउन पाइने, आफूले असल नागरिक भएको महसुस गर्न सकिने, करको झमेलामा नपरिने' जनाए ।

- दर्ता नगराउनेहरूले 'आफ्नो व्यवसाय नभई अरुको व्यवसायमा काम गर्ने भएकाले, फूटपाथमा काम गर्ने भएकाले र दर्ता गराउनु पर्छ कि पर्दैन भन्ने कुरा थाहा नभएकाले' दर्ता नगराएको बताए ।

# परिच्छेद - ४

# नेपालको अनौपचारिक क्षेत्रमा कोभिड-१९ बाट सिर्जित प्रभाव र समाधानका प्रयत्न

प्रतिवेदनको यस परिच्छेदमा नेपालको त्यसमा पनि विशेषगरी काठमाडौंको अनौपचारिक क्षेत्रमा गरिएको अध्ययनबाट प्राप्त सो क्षेत्रमा कोभिड-१९ बाट सिर्जित प्रभाव र समाधानका प्रयत्नहरू सम्बन्धी जानकारी र तिनको विश्लेषण प्रस्तुत गरिएको छ ।

**कोभिड-१९ बाट सिर्जित प्रभाव**

कोभिड-१९ महामारीबाट विश्व अर्थतन्त्रसँगै नेपालको अर्थतन्त्र पनि प्रभावित बनेको कुरा यस अध्ययन प्रतिवेदनको सुरूमा नै उल्लेख गरिसकिएको छ र यो कुरा जगजाहेर पनि छ । महामारीको संक्रमण रोक्न नेपाल सरकारले बाध्यतावश २०७६ चैत ११ बाट देशव्यापी रूपमा बन्दाबन्दी घोषणा गरेको थियो । बन्दाबन्दीको समयमा अत्यावश्यक बाहेकका सम्पूर्ण आर्थिक क्रियाकलापहरू बढी प्रभावित रहे । यसको मारमा राष्ट्रिय अर्थतन्त्रको ठूलो हिस्साको रूपमा रहेर पनि सबैभन्दा कम संरक्षित क्षेत्रको रूपमा रहेको अनौपचारिक अर्थतन्त्रका स्वरोजगार तथा श्रमिकहरू - जो आर्थिक तथा सामाजिक सुरक्षाबाट वञ्चित छन्- सबैभन्दा बढी मारमा पर्नेहरूमध्ये रहेका थिए ।

यस अध्ययनको क्रममा कुराकानी गरिएका श्रमिकहरूसँग सम्बद्ध संगठनका प्रतिनिधिहरूले जनाएअनुसार कोभिड-१९ र लकडाउनजस्तो सङ्कटको बेलामा अनौपचारिक क्षेत्रका श्रमिकहरूले भोग्नु परेका प्रमुख समस्याहरू निम्नानुसार थिए :

- रोजगारी गुम्नु र दैनिक गुजाराको समस्या हुनु (हातमुख जोर्ने प्रबन्ध नरहनु), एवम्
- सरकारबाट प्राप्त हुनसक्ने राहत र सुविधाबाट वञ्चित हुनु ।

अध्ययनको क्रममा अनौपचारिक क्षेत्रका २४ जना पुरूष तथा २० जना महिला गरी कुल ४४ जना श्रमिक एवम् स्वरोजगारहरूसँग कोभिड-१९ एवम् लकडाउनको बेलामा उनीहरूले भोग्नुपरेको जीविकोपार्जन, पेशा परिवर्तन, स्वास्थ्य र मानसिक असरजस्ता परिस्थितिहरू के कस्ता रहे भन्ने बारेमा कुराकानी गरिएको थियो । यसबाट निम्नानुसारको जानकारी प्राप्त भयो :

**जीविकोपार्जनको अवस्थाका सन्दर्भमा** :

- १६ जना महिला तथा २१ जना पुरूष गरी कुल ३७ जनाले आफ्नो आम्दानी घटेको जनाए । तीमध्ये ७ जना महिला र ९ जना पुरूष गरी १६ जनाले कुनै वैकल्पिक काम समेत नपाएको उल्लेख गरे ।
- आम्दानी घट्दा उनीहरूले निम्नानुसारका उपायहरूबाट जीवन निर्वाह गरेको पाइयो :
  - आफूसँग भएको बचतबाट ११ जना
  - ऋण वा सापटी लिएर ८ जना

- परिवारको सहयोगले ४ जना
- गाउँ फर्किई खेती गरेर ३ जना
- बचत र नपुगेको रकम ऋण लिएर ५ जना
- बचत र केही सरकारी राहत समेत पाएर ३ जना

- कोभिड-१९ को बेला ४ जनाले जीविकोपार्जनका लागि आफ्नै परिवार र साथीभाइबाट सहयोग भएको, २ जनाले स्थानीय सरकारबाट र १ जनाले आफू संलग्न रहेको दलित समूहबाट सहयोग पाएको बताए । अरुले भने जीविकोपार्जनका लागि कतैबाट पनि र कुनै पनि सहयोग नपाएको उल्लेख गरे ।

**पेशा परिवर्तनको अवस्थाका सन्दर्भमा :**

- कोभिड-१९ को बेला ६ जनाले जीविकोपार्जनका लागि पेशा परिवर्तन गरेको बताए (सेल्स म्यानेजरले घर ढलानको काम, पर्यटन क्षेत्रकाले शिक्षकको काम, सवारी चालक र होटलका वेट्रेसले लेबरको काम आदि) । अरुहरूले भने पेशा परिवर्तन नगरेको बरु कुनै आयमूलक काम नै नगरी बसेको जनाए ।

**स्वास्थ्य अवस्थाका सन्दर्भमा :**

- कोभिड-१९ को बेला ६ जनाले रूघा, खोकी र ज्वरोको समस्याले सताएको, १ जनाले दमको समस्या भएको, १ जनाको खुट्टा भाँचिएर अस्वस्थ हुनु परेको उल्लेख गरे । तर, यो कोभिड-१९ को लक्षण थियो वा मौसमी रुघाखोकीजस्ता अन्य कारणहरू भन्ने बारेमा चाहिँ पी.सि.आर. टेस्ट जस्ता परीक्षण नगराएकाले यकिन हुन सकेन । अरुहरूले भने सो बेला कुनै स्वास्थ्य समस्या भोग्नु नपरेको जनाए ।
- स्वास्थ्य समस्या भएका सबैले आफ्नै खर्चले औषधोपचार गरेको उल्लेख गरे ।

**मानसिक असरका सन्दर्भमा :**

- कोभिड-१९ को बेला ४४ जनामध्ये १६ जनाले अब के गर्ने होला भन्ने मानसिक छट्पटी र बैचनी बढेको उल्लेख गरे । तीमध्ये ३ जनाले घर-झगडा पनि निकै बढेको, ७ जनाले घर-झगडा अलिअलि बढेको र ६ जनाले मानसिक छट्पटी र बैचनी बढे पनि घर-झगडा चाहिँ नभएको जनाए ।
- यस्तो मानसिक समस्या आउनुको पछाडि आम्दानी, खाद्यान्न, औषधि आदिको अभाव नै प्रमुख कारणको रूपमा रहेको पाइयो । त्यस्तो बेला राहत, राज्य हाम्रो साथमा छ भन्ने भावना, मनोपरामर्श र ऋण सहयोग चाहिने रहेछ भन्ने धारणा मानसिक छट्पटी र बैचनी झेलेकाहरूले व्यक्त गरे । एकजनाले त कोभिड-१९ को बेला घरबेटीले घरभाडा कम गरिदिंदा पनि ठूलो सहयोग महसुस भएको जनाए ।

**कोभिड-१९ जस्तो सङ्कट आउँदा अनौपचारिक क्षेत्रका जनशक्तिको अपेक्षा**

यस अध्ययनमा अनौपचारिक क्षेत्रमा कार्यरत ४४ जना श्रमिक तथा स्वरोजगारहरूसँग कुराकानी गर्दा कोभिड-१९ का बेला भोग्नुपरेको सङ्कटका आधारमा भविष्यमा यस्तै समस्या आउँदा निम्नानुसारका कुराहरूमा ध्यान दिनुपर्ने उनीहरूको धारणा पाइयो :

- संघ-संस्था वा राज्यबाट सहज ढङ्गले औषधोपचारमा सहयोग हुने व्यवस्था मिलाउनु पर्ने
- यस्तो परिस्थिति आउन सक्छ भनेर त्यस्तो अवस्थाका लागि आफैंले पनि वैकल्पिक उपायहरू अपनाउने (जस्तैः बेलैमा केही बचत गर्ने, महिनावारी पैसा आउने ठाउँमा काम खोज्नुपर्ने आदि)
- यस्तो अवस्थामा अनौपचारिक क्षेत्रमा काम गर्ने विपन्न वर्गका मानिसहरूलाई स्थानीय सरकारले सहयोग गर्नुपर्ने (जस्तै : खाद्यान्न, कपडा, साबुन आदि किराना सामानहरू र औषधोपचार उपलब्ध गराउने)
- यस्तो बेला सम्बन्धित सबै क्षेत्रले यस्ता श्रमिकहरूका लागि काम गर्ने वातावरण बनाउने र के गर्ने भन्नेबारे सरकारले उपयुक्त नीति ल्याउनु पर्ने ।

# परिच्छेद - ५
# अध्ययनको निष्कर्ष तथा द्रुत पुनरूत्थानका लागि सुझाव

## निष्कर्ष

यसअघिका परिच्छेदहरूमा प्रस्तुत विवरणहरूले अनौपचारिक क्षेत्र देशको अर्थतन्त्रको महत्वपूर्ण र अत्यन्त ठूलो हिस्साको रूपमा रहेको, राज्यले औपचारिक नियमन गर्न नसकेको एवम् असङ्गठित र उपेक्षित रूपमा रहेको तथ्यहरू उजागर गरेका छन् । कोभिड-१९ जस्ता सङ्कटबाट अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारहरूमा ठूलो प्रभाव पर्न सक्ने तथ्यहरू पनि यस अध्ययनले देखाएको छ । कोभिड-१९ का बेला अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारहरू जीविकोपार्जन, स्वास्थ्य र मानसिक असरजस्ता समस्याहरूबाट बढी गुज्रनु परेको अध्ययनबाट पाइएको छ । देशको श्रमशक्तिको सबैभन्दा ठूलो हिस्साको रूपमा रहेको यो वर्ग यस्तो सङ्कटका कारण रोजगारी गुमाएर कामविहीन अवस्थामा बस्नुपर्दा र अनौपचारिक क्षेत्रमा स्वरोजगारका रूपमा रहेकाहरूले आ-आफ्ना स-साना व्यवसायहरू समेत बन्द गर्नुपर्दा मुलुकको समग्र अर्थतन्त्रमै समस्या आउनु स्वभाविक भएको तर सोको सही ढङ्गको लेखाजोखा हुन नसकेको कुरा पनि यस अध्ययनका अघिल्ला परिच्छेदहरूले सङ्केत गरेका छन् । कोभिड-१९ को सङ्कटका बेला अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारहरूले राज्य वा अन्य सहयोगी संस्थाहरूद्वारा कुनै उल्लेख्य सहयोग नपाएको कुरा पनि यस अध्ययनबाट प्रष्टिएको छ । हाम्रो देशको अनौपचारिक श्रमशक्तिको अत्यधिक हिस्सा श्रमिकसम्बद्ध संगठनहरूमा समेटिन नसकेको वस्तुस्थितिलाई पनि यस अध्ययनले उजागर गरेको छ । यसको अलावा अध्ययनले कोभिड-१९ जस्तो सङ्कटका घडीमा के कस्ता समस्याहरूको के कस्तो समाधानमा जोड दिइनु पर्छ भन्ने कुरा पनि झल्काएको छ ।

## द्रुत पुनरुत्थानका लागि सुझाव

यस अध्ययनबाट पाइएका जानकारीका आधारमा कोभिड-१९ जस्ता सङ्कटपूर्ण परिस्थितिमा अनौपचारिक क्षेत्रले भोग्नुपर्ने महत्वपूर्ण समस्याहरू र यस्ता समस्याहरूको समाधान गर्दै द्रुत पुनरुत्थानका लागि अपनाउनु पर्ने उपायहरू निम्नानुसार सुझाइएको छ :

### क. तथ्याङ्कको अभावका लागि

- यस अध्ययनको क्रममा अनौपचारिक क्षेत्रको तथ्याङ्कको अभाव एउटा प्रमुख समस्याको रूपमा पाइएको छ ।

  - यो समस्या समाधानका लागि अनौपचारिक क्षेत्रका श्रमिक एवम् स्वरोजगारहरूको तथ्याङ्क सङ्कलन गर्ने र त्यसलाई प्रत्येक वर्ष अद्यावधिक गर्ने काम गर्नु जरुरी देखिन्छ । यो काम कसरी गर्नु प्रभावकारी हुन्छ भन्ने बारेमा नेपालमा रहेको अन्तर्राष्ट्रिय श्रम संगठन (आइ.एल.ओ.), प्रमुख श्रमिकसम्बद्ध संगठनहरू, राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्याङ्क विभागजस्ता निकायका प्रतिनिधिहरू तथा अनौपचारिक अर्थतन्त्र र श्रमका विषयगत विशेषज्ञहरूका बीच छलफल कार्यक्रम आयोजना गरी त्यसबाट उपयुक्त तथ्याङ्क संकलन ढाँचा र संकलन प्रक्रिया निर्धारण गरी अगाडि बढाइनु उपयुक्त

हुन्छ । यस कार्यमा विशेषतः स्थानीय सरकारका वडा कार्यालय, टोल विकास संस्था र स्थानीय तहमा रहे भएका श्रमिकसम्बद्ध संगठनहरूले खेल्नसक्ने भूमिका पनि पहिचान गर्नु महत्वपूर्ण हुन्छ । उदाहरणका लागि टोल विकास संस्थाहरूले आफ्नो टोलका अनौपचारिक उद्यम-व्यवसाय, स्वरोजगार तथा श्रमिकहरूको तथ्याङ्क संकलन गर्ने काम गर्न सक्दछन् भने वडा कार्यालयले त्यस्तो तथ्याङ्कको क्रस-चेक गर्ने र परिचय-पत्र उपलब्ध गराउने काम गर्न सक्दछन् । यसैगरी श्रमिकसम्बद्ध संगठनहरूले पनि यस काममा सघाउने र पहिचान भएका अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई संगठित गर्ने भूमिका खेल्न सक्दछन् ।

**ख. जीविकोपार्जनको समस्याका लागि**

- यस अध्ययनको क्रममा कोभिड-१९ जस्तो सङ्कटको बेला अनौपचारिक क्षेत्रका उद्यम-व्यवसायहरू पनि बन्द हुने र श्रमिकहरू पनि काममा जान नपाउने परिस्थिति सिर्जना हुने हुनाले यस्ता क्षेत्रमा संलग्न जनशक्ति तथा उनीहरूमा आश्रित परिवारमा जीविकोपार्जनको प्रमुख समस्या सिर्जना भएको पाइएको छ ।

- यस्तो समस्या समाधानका लागि राहतका प्याकेज एवम् खाद्य-भौचरजस्ता उपायहरूले पनि तत्कालका लागि केही हदसम्म सघाउन सक्दछन् । तर, त्यस्ता क्रियाकलापमा मात्र सीमित नरही श्रमिक एवम् स्वरोजगारहरूमा सहज परिस्थितिकै बेलामा केही न केही बचत गर्नुपर्छ भन्ने सोच र बानी विकास गर्न अभिप्रेरणा जगाउने क्रियाकलापहरू सञ्चालन गर्नु पनि आवश्यक देखिन्छ । यसमा गैरसरकारी संस्था, बचत तथा ऋण समूह, बैंक तथा सहकारीहरू र श्रमिक सम्बद्ध संगठनहरू एवम् गैरसरकारी संस्थाहरूले भूमिका खेल्न सक्दछन् । यसैगरी यस्तो अवस्था आएमा वा अरु बेलामा पनि श्रमिकहरूले काम नपाएर खाली बस्नु परेको अवस्थामा उनीहरूले आफ्नै घरमा बसीबसी गर्नसक्ने सीपमूलक आयआर्जनका वैकल्पिक सीप र ज्ञान दिनु आवश्यक देखिएको छ । यस्ता काममा घरेलु उद्यमसम्बन्धी सीप र ज्ञान दिने सरकारी निकाय, गैरसरकारी संस्था र स्थानीय सरकारहरूले समन्वयात्मक ढङ्गले तालिमहरू आयोजना गर्न सक्दछन् ।

**ग. मानसिक समस्याका लागि**

- आयमूलक काम नहुने, घरमै खाली बस्नुपर्ने र यो सङ्कट कहिलेसम्म रहला भन्ने चिन्ताले अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारहरूमा मानसिक समस्या उत्पन्न भई कतिपयको घरपरिवारमा झगडा समेत बढेको अध्ययनबाट देखिएको छ ।

  - यो समस्या समाधानका लागि मूलतः जीविकोपार्जनको समस्या समाधानका उपायहरू नै अवलम्बन गर्न सकिन्छ । यसका साथै यस्तो परिस्थितिमा संघीय वा प्रदेश सरकारहरूले टेलिभिजन र रेडियोजस्ता आमसञ्चार माध्यमहरू मार्फत् मनोसामाजिक परामर्शजन्य सन्देशहरू प्रसारण गर्ने र स्थानीय तह, श्रमिकसम्बद्ध संगठन एवम् गैरसरकारी संस्थाहरूले महामारीका हिसाबले जोखिमपूर्ण परिस्थिति हट्नासाथ मनोपरामर्श सेवा उपलब्ध गराउने क्रियाकलापहरू सञ्चालन गर्न सक्दछन् ।

**घ. औषधोपचारको समस्याका लागि**

- यस अध्ययनको क्रममा अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारहरूले कोभिड-१९ जस्तो सङ्कटको बेला औषधोपचारको समस्या आइपर्ने भएकाले त्यसमा सहयोग हुनुपर्ने कुरा पनि उठाएका छन् ।

  - यो समस्या समाधानका लागि संघ तथा प्रदेश सरकारहरूले स्थानीय तहहरूमा समयमै औषधोपचारका सामग्रीहरू उपलब्ध गराउने एवम् स्थानीय तह र सम्बद्ध स्वास्थ्य संस्थाहरूले औषधोपचारका लागि सहज वातावरण मिलाउने तथा व्यवस्थापन गर्ने क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ । स्थानीय तहहरूले कुनै पनि बेला यस्ता आकस्मिक सङ्कटहरू आउन सक्दछन् भनेर एउटा अक्षय कोष व्यवस्थित गरिराख्ने, स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने साथै आफ्नो क्षेत्रमा आवश्यक परेका बेला परिचालन गर्नका लागि उपलब्ध हुन सक्ने स्वास्थ्यकर्मीहरूको सूची, आइसोलेसन सेन्टर, उपचार कक्ष, एम्बुलेन्स सेवा आदिको नक्साङ्कन तथा व्यवस्थापन गरिराख्ने काम गरेका खण्डमा पनि सङ्कटको बेलामा चाँडै औषधोपचार सेवा उपलब्ध गराउन मद्दत पुग्ने हुन्छ । कोभिड-१९ का बेलामा जसरी मास्क लगाउने, हात मिचीमिची धुने, स्यानीटाइजर प्रयोग गर्ने र दूरी कायम गर्नेजस्ता सन्देशहरूहरूलाई व्यापकता दिइएको थियो त्यसरी नै सङ्कटको प्रकृतिअनुसार त्यसबाट बच्ने उपायमूलक सन्देशहरूको व्यापक प्रचार-प्रसार गर्ने कामहरू गर्नु पर्दछ ।

**ङ. अनौपचारिकबाट औपचारिकतर्फ रुपान्तरणको खाँचो**

यस अध्ययनको क्रममा अनौपचारिक क्षेत्रका श्रमिकहरूले औपचारिक क्षेत्रका श्रमिकहरूको जस्तो रोजगारीको सुनिश्चितता, मासिक तलब, विदाको सुविधा तथा सामाजिक एवम् आर्थिक सुरक्षा पाउने स्थिति नहुने भएकाले उनीहरू कोभिड-१९ जस्ता सङ्कटका बेला बढी जोखिममा पर्ने गरेको पाइएको छ । राज्यले पनि अनौपचारिक उद्यम-व्यवसायबाट औपचारिक क्षेत्रबाट झैं कर आदिको माध्यमबाट राजस्व संकलन गर्ने र त्यस्तो स्रोतका आधारमा जनहितका कामहरू सञ्चालन गर्ने काम गर्न नसकिरहेको अवस्था छ ।

  - अनौपचारिक अर्थतन्त्रलाई शून्य नै बनाउन त सकिँदैन तर यस्तो परिस्थितिमा सुधार ल्याउन अनौपचारिक क्षेत्रलाई औपचारिकमा रूपान्तरण गर्न उत्प्रेरित गर्ने खालका नीति एवम् रणनीतिहरू अपनाउन पहल गर्नु जरुरी छ । यसको पहिलो पाइला भनेकै नेपालको सन्दर्भमा श्रम-केन्द्रित औपचारिक काम वा रोजगारीका उपयुक्त, उपयोगी, दिगो र मापदण्डयुक्त अवसरहरू सिर्जना गर्नु हो, जसबाट गरिब श्रमिकहरू, स्वरोजगार र साना उद्यमीहरूले अनौपचारिक कामको छायाका पछि नदौडी सहज र सरल तरिकाले औपचारिक श्रमिकहरू र ठूला उद्यमीहरूले सरह समतामूलक फाइदा पाउन सकून् ।

**धन्यवाद ।**

# अनुसूची

**अनुसूची -१**

## सन्दर्भ सामग्री


- केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय आर्थिक गणना-२०७५को प्रतिवेदन, वि.सं. २०७६
- कारोबार दैनिक, काठमाडौं, वि.सं. २०७६ असार २५
- नेपाल राष्ट्र बैंक, कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन, वि.सं. २०७७
- नेपाल राष्ट्र बैंक, कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी दोस्रो पुनरावृत्ति सर्वेक्षण प्रतिवेदन, वि.सं. २०७८
- ILO, Social Protection Responses to COVID-19 in Nepal, 2021
- FAO, Impact of COVID 19 on Informal Workers, 2020
- Amrita Saha, Institute of Development Studies and Opeyemi Abebe, Adviser and Head of Trade Competitiveness Section at the Commonwealth Secretariat; Five ways governments can help small businesses in the informal sector survive, COVID-19, 2020
- DB Adhikari, P Gupta, N Devkota, UR Paudel and S Parajuli, Challenges in Transformation of Informal Business Sector towards Formal Business Sector in Nepal: Evidence from Descriptive Cross-Sectional Study; 2021
- ILO, Decent Work and the Sustainable Development Goals, A Guidebook on SDG Labour Market Indicators, 2018
- ADB, Policy Brief - Strategies for Transforming Businesses from Informal to Formal, Decelopment in Asia (An ADB's Initiative), 2016
- ILO, R 204 Informal to Formal Economy and The General Conference of the ILO; 1 June 2015
- ILO, The Informal Economy and Workers in Nepal, Decent Work for all Women and Men in Nepal, 2004

# अनुसूची -२
# अध्ययनमा जानकारी प्रदान गर्ने व्यक्तिहरुको विवरण

| क. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक तथा स्वरोजगार | | | |
|---|---|---|---|
| **क्र.सं.** | **जानकारी प्रदान गर्नेको नाम** | **लिङ्ग** | **संलग्न व्यवसाय** |
| १. | सम्झना महर्जन | महिला | सडक किनारामा व्यापार |
| २. | बाबुचा महर्जन | पुरूष | सडक किनारामा व्यापार |
| ३. | राजकुमार गुप्ता | पुरूष | सडक किनारामा व्यापार |
| ४. | प्रकाश गुप्ता | पुरूष | सडक किनारामा व्यापार |
| ५. | गायत्री तिमिल्सिना | महिला | तरकारी तथा किराना व्यापार |
| ६. | निलम श्रेष्ठ | महिला | किराना पसल |
| ७. | रमेश महर्जन | पुरूष | खाजा पसल |
| ८. | चन्दन | पुरूष | माछा व्यापार |
| ९. | अम्बिका मुङराती | महिला | ठेलागाडामा व्यापार |
| १०. | शान्ति खत्री | महिला | ठेलागाडामा व्यापार |
| ११. | दुर्गाबहादुर भुजेल | पुरूष | ठेलागाडामा व्यापार |
| १२. | रविन्द्रनाथ पौडेल | पुरूष | ठेलागाडामा व्यापार |
| १३. | राजुकुमार चौधरी | पुरूष | भाँडाकुँडा व्यापार |
| १४. | राजन जइरू | पुरूष | सडकमा सिलाइ |
| १५. | मधु | पुरूष | सिलाइ पसलमा हेल्पर |
| १६. | रोजी तण्डुकार | महिला | स्वास्थ्य सहयोगी |
| १७. | रमेश शर्मा | पुरूष | प्लम्बर |
| १८. | सञ्जीवकुमार चौधरी | पुरूष | मसला बनाउने |
| १९. | निरू गौतम | महिला | डुनट बनाउने |
| २०. | उषा महर्जन | महिला | सिलाई |
| २१. | मुन्ना ठाकुर | पुरूष | सैलुन |
| २२. | रंजिता चौधरी | महिला | पार्लर सहयोगी |

| | | | |
|---|---|---|---|
| २३. | धनबहादुर शाही | पुरूष | प्लम्बर |
| २४. | भोला शर्मा | पुरूष | काठ मिस्त्री |
| २५. | शान्ति परियार | महिला | घरेलु कामदार |
| २६. | उर्मिला दर्जी | महिला | घरेलु कामदार |
| २७. | सीता नेपाली | महिला | घरेलु कामदार |
| २८. | कमला मगर | महिला | घरेलु कामदार |
| २९. | रीता नेपाली | महिला | घरेलु कामदार |
| ३०. | विमला परियार | महिला | घरेलु कामदार |
| ३१. | रविचन्द्र थिङ | पुरूष | सवारी चालक |
| ३२. | रवि गुरूङ | पुरूष | सहचालक |
| ३३. | निरकुमार तामाङ | पुरूष | सहचालक |
| ३४. | सुजन श्रेष्ठ | पुरूष | सवारी चालक |
| ३५. | राजु परियार | पुरूष | सवारी चालक |
| ३६. | मिलन गुरूङ | पुरूष | सहचालक |
| ३७. | मनिष थापा | पुरूष | होटल कामदार |
| ३८. | सुष्मिता श्रेष्ठ | महिला | होटल कामदार |
| ३९. | जेनी बुढाथोकी | महिला | होटल कामदार |
| ४०. | प्रितम राई | महिला | होटल कामदार |
| ४१. | अमिना तण्डुकार | महिला | होटल व्यवसायी |
| ४२. | रूसाल गुरूङ | पुरूष | होटल कामदार |
| ४३. | डिलकुमारी तण्डुकार | महिला | खेती |
| ४४. | जीवन राई | पुरूष | हार्डवेयर पसलमा सेल्स हेर्ने |

**ख. प्राथमिक जानकारी लिन कुराकानी गरिएका अन्य व्यक्ति**

| **क्र.सं.** | **जानकारी प्रदान गर्नेको नाम** | **लिङ्ग** | **पद/संस्था** |
|---|---|---|---|
| १. | विदुर कार्की | पुरूष | केन्द्रीय उपाध्यक्ष, नेपाल ट्रेडयुनियन महासंघ |
| २. | बलदेव तामाङ | पुरूष | केन्द्रीय सदस्य, नेपाल ट्रेडयुनियन काँग्रेस |
| ३. | रामकृष्ण रेग्मी | पुरूष | प्राध्यापक, कान्तिपुर सिटी कलेज |

| | | | |
|---|---|---|---|
| ४. | डेपुटी जनरल म्यानेजर | पुरूष | गोल्छा ग्रुप |
| ५. | धर्मराज बज्राचार्य | पुरूष | निर्देशक, तथ्याङ्क कार्यालय, काठमाडौं |
| ६. | भूमिका श्रेष्ठ | महिला | कार्यक्रम व्यवस्थापक, ब्लु डायमण्ड सोसाइटी |
| ७. | विकल श्रेष्ठ | पुरूष | कार्यकारी निर्देशक |
| ८. | दिपेश कार्की | पुरूष | सहायक प्राध्यापक, स्कुल अफ म्यानेजमेन्ट |

# अनुसूची -३

# अध्ययनको क्रममा जानकारी लिन प्रयोग गरिएका प्रश्नावली

**क. प्राध्यापक तथा उच्च पदस्थ कर्मचारीहरूसँगको कुराकानीका लागि प्रश्नावली**

1. Beginning
1.1 Participant's name, surname:
1.2 Phone No: 1.3 email:
1.4 Office: 1.5 Designation:

2. What do you think is the informal sector?

| |
|---|
| |
| |
| |

3. What is the role of informal sector in Nepal's economy?

| |
|---|
| |
| |
| |

4. What are the policies and programs of the Government of Nepal regarding informal economy?

| |
|---|
| |
| |
| |

5. What are the policies and programs of the state governments regarding informal economy?

| |
|---|
| |
| |
| |

6. What are the policies and programs of local governments regarding informal economy?

| |
|---|
| |
| |
| |

7. What are the problems of informal sector in Nepal?

8. Why is the informal sector not organized and dignified in Nepal?

9. What kind of crisis has COVID-19 brought to Nepal's economic sector?

10. What are the quick recovery policies of the government from COVID-19?

11. What is the impact of COVID-19 on Nepal's informal economic sector?

12. What are the plans of the three levels of government of Nepal to reduce this effect?

13 What plans and policy interventions are needed by the three levels of government of Nepal for quick recovery of the overall economic crisis and especially the ill effects of COVID-19?

14. Some of your special suggestions……..

| |
|---|
| |
| |
| |

Interviewed by:
Signature:
Name:
Date:

## ख. अनौपचारिक क्षेत्रका श्रमिकहरुसँग कुराकानीका लागि प्रश्नावली

श्रमिकको नाम र थर : लिङ्ग : महिला/पुरूष/अन्य उमेर : ........वर्ष

हाल गरिरहेको काम :

हाल काम गरिरहेको ठाउँ : स्थायी ठेगाना :

---

**जीविकोपार्जनको अवस्था**

- तपाईंले अहिले गरिरहेको कामबाट तपाईंको परिवारलाई के कस्ता कुराहरूमा सहयोग पुग्छ ?

  ........................................................................................................................

  ........................................................................................................................

- यो कामबाट महिनाको सरदर कतिजति आम्दानी होला त ?

  करिब रू. ..........................

- कोभिड (लकडाउन)को बेलामा पनि तपाईं यही काम गरिरहनु भएको थियो ? :

  यही काम गर्थें अर्को काम गर्थें (कुन काम हो सो उल्लेख गर्ने) ............................

- त्यो बेला पनि काम गरिरहन पाउनु भएको थियो भने आम्दानीमा कुनै घटबढ भयो कि ?

  घट्यो उस्तै रह्यो (घटेन)

- आम्दानी घटेको थियो भने :

के कति घट्यो ? ..........................................................................

किन अथवा के कारणले घट्यो ? ........................................................

- लकडाउनको बेला आम्दानी घटेको वा आम्दानी नभएको भए तपाईंले कसरी आफ्नो जीवन वा परिवारको खर्च धान्नु भयो ?

...............................................................................................................

.............................................................................................................

- त्यस्तो बेला कसैले तपाई वा तपाईंको परिवारको जीवन धान्नका लागि केही सहयोग गरे कि?

गरे                    गरेनन्

- सहयोग गरे भने :

कसले सहयोग गरे ? ..........................................................................

के सहयोग गरे ? ..................................................

- फेरि कोभिडको जस्तै समस्या आयो भने त्यस्तो बेला तपाईंको जीवन धान्न वा घरखर्च चलाउन कम्तीमा पनि के कस्तो सहयोग चाहिने रहेछ भन्ने लाग्यो ?

.................................................................................................................................................................................

..........................................

## पेशा परिवर्तनको अवस्था

- कोभिडको बेलामा पेशा परिवर्तन गरेको भए :

किन परिवर्तन गर्नुभएको त ?

................................................................................................................

- फेरि पुरानै पेशामा फर्कनु भयो कि नयाँ पेशामै लागिरहनु भयो ?

पुरानै पेशामा फर्किएँ          नयाँ पेशामै लागिरहें

किन त ? : ................................................................................................................

**स्वास्थ्यको अवस्था**

अब स्वास्थ्यसम्बन्धी कुरा गरौं है त !

- कोभिड (लकडाउन)को बेलामा तपाई वा तपाईंको परिवारमा के कस्तो स्वास्थ्य समस्या आयो

  ......................................................................................................................................................................................................

  ..................................................

- त्यस्तो स्वास्थ्य समस्या कसरी अथवा के गरेर समाधान गर्नुभयो ?

  ......................................................................................................................................................................................................

  ..................................................

- त्यस्तो बेला कसैले तपाईंलाई केही सहयोग गरे कि ?

  गरे                    गरेनन्

- सहयोग गरे भने :

  कसले सहयोग गरे ? ............................................................................

  के सहयोग गरे त ? ........................................................

- त्यस्तो बेला के कस्तो सहयोग चाहिने रहेछ भन्ने लाग्यो ?

  ......................................................................................................................................................................................................

  ..............................................

**मानसिक अवस्था**

अब कोभिडको बेला मनमा परेको छट्पटि, बेचैनीजस्ता मानसिक समस्याका कुरा गरौं ।

- कोभिड (लकडाउन)को बेलामा तपाई वा तपाईंको परिवारमा अब के गर्ने होला भन्ने मानसिक छट्पटि वा बेचैनीहरू बढे कि बढेनन् ?

  बढे                    त्यस्तो छट्पटि बेचैनी बढेजस्तो त महसुस भएन

- मानसिक छट्पटि वा बेचैनीहरू बढेर पहिलेभन्दा घर झगडा पनि पो बढी भयो कि ?

  निकै बढी भयो          अलिअलि बढी भयो          त्यस्तो भएन

- त्यस्तो मानसिक छट्पटि वा बेचैनीको समस्या कसरी अथवा के गरेर समाधान गर्नुभयो ?

..........................................................................................................................................................................

..............................................

- त्यस्तो मानसिक छट्पटि वा बेचैनीको समस्या समाधानका लागि कसैले तपाईंलाई सहयोग गरे कि ?

  गरे                    गरेनन्

- सहयोग गरे भने :

  कसले सहयोग गरे ? ......................................................................

  के सहयोग गरे त ? ...................................................

- त्यस्तो बेला के कस्तो सहयोग चाहिने रहेछ भन्ने लाग्यो ?

  ..........................................................................................................................................................................

  ..........................................

**संगठित वा असंगठित अवस्था**

- आजकल त थेरै मानिसहरू आ-आफ्ना संगठनहरू बनाएर त्यसका सदस्य हुन्छन् नि । तपाईंहरूको पनि संगठन छ ?

  छ          छैन          थाहा छैन

- छ भने, संगठनको नाम के होला ?
  ...........................................

- छ भने, तपाईं पनि त्यसको सदस्य बन्नु भएको छ ?

  छ          छैन

- छ भने, किन सदस्य बन्नु भएको त ?
  ........................

- छैन भने, तपाईं त्यस्तो संगठन भए त्यसको सदस्य बन्न चाहनु हुन्छ ?

चाहन्छु          चाहन्न

- किन चाहनु हुन्छ वा चाहनु हुन्न ?

  ..............................................................................................................

**दर्ताको अवस्था**

कुनै काठ मिस्त्री, जुत्ता बनाउने, तरकारी बेच्ने आदि ससानो टहरा आदिमा आफैं काम गरिरहेकाहरू अर्थात् केही हदसम्म व्यवस्थित ढङ्गले तर अन्य कामदार नराखी आफैं काम गरिरहेका स्वरोजगारलाई सोध्ने :

- के तपाईंले आफ्नो व्यवसाय दर्ता पनि गराउनु भएको छ ?

  छ          छैन

- छ भने, कहाँ दर्ता गराउनु भएको छ ?

  वडा कार्यालयमा          अन्य कुनै निकायमा (त्यस्तो निकायको नाम उल्लेख गर्ने) ............

  किन दर्ता गराउनु भएको त ? ...........................................................................

  दर्ता गराउँदा के फाइदा हुने रहेछ ? ....................................................................

  ..............................................................................................................

  ..............................................................................................................

  दर्ता गराउँदा के बेफाइदा हुने रहेछ ? ..................................................................

  ..............................................................................................................

  ..............................................................................................................

  दर्ता गराउनु भएको छैन भने, किन ? ...................................................................

  ..............................................................................................................

## ग. श्रमिकहरुसँग सम्बद्ध संगठनका प्रतिनिधिसँग कुराकानीका लागि प्रश्नावली

संगठनको नाम : ....................................................................................................

उत्तर दिई सहयोग गर्ने पदाधिकारीको नाम र थर : ..........................................................

उत्तर दिई सहयोग गर्ने पदाधिकारीको पद : ......................................................................

सम्पर्क फोन नं. : ........................................................

---

- नेपालको सन्दर्भमा के कस्ता काम गर्ने श्रमिकहरू कार्यरत क्षेत्रलाई अनौपचारिक क्षेत्र भन्नु उपयुक्त होला ?

  ......................................................
  ......................................................
  ......................................................

- यहाँको संगठनले अनौपचारिक क्षेत्रका श्रमिकहरूको संख्या नेपालमा के कति होला भन्ने आकलन गरेको छ ? कि त्यस्तो आकलन गरिएको छैन ?

  ......................................................................................................................

- अनौपचारिक क्षेत्रका श्रमिकहरूमध्ये मोटामोटी रूपमा ग्रामीण क्षेत्रमा कति प्रतिशत र शहरी क्षेत्रमा कति प्रतिशत होलान् भन्ने यहाँको संगठनको आकलन छ ?

  शहरी क्षेत्रमा ........... प्रतिशत ग्रामीण क्षेत्रमा ............ प्रतिशत

- अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई यहाँहरूको संगठनले के कति संख्या वा मात्रामा आबद्ध गर्न सकेको छ ?

  ................................................................................................................................

- अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई संगठनमा आबद्ध गर्न नसक्नुका प्रमुख कारण के होलान् ?

  ......................................................
  ......................................................

- अनौपचारिक क्षेत्रका श्रमिकहरूले भोग्नु परेका प्रमुख समस्याहरू के होलान् ?

  ......................................................
  ......................................................

- अनौपचारिक क्षेत्रका श्रमिक वा स्वरोजगारहरूलाई **व्यवस्थापन गर्ने** र उनीहरूले भोग्नु परेका **प्रमुख समस्याहरूको समाधान गर्ने काममा** कसले के कस्तो भूमिका खेल्नु पर्छ ?

  संघीय वा प्रदेश तहको सरकारले खेल्नुपर्ने भूमिका :

  ......................................................

.....................................................

यी मध्ये संघीय वा प्रदेश तहको सरकारले के कस्तो भूमिका खेलेको पाउनु भएको छ ?

.....................................................

.....................................................

.....................................................

स्थानीय तहको सरकारले खेल्नुपर्ने भूमिका :

.....................................................

.....................................................

यी मध्ये स्थानीय तहको सरकारले के कस्तो भूमिका खेलेको पाउनु भएको छ ?

.....................................................

.....................................................

.....................................................

गैरसरकारी क्षेत्रका संस्थाहरूले खेल्नुपर्ने भूमिका :

.....................................................

.....................................................

यी मध्ये गैरसरकारी क्षेत्रका संस्थाहरूले के कस्तो भूमिका खेलेको पाउनु भएको छ ?

.....................................................

.....................................................

श्रमिकहरूका संगठनले खेल्नुपर्ने भूमिका :

.....................................................

.....................................................

यी मध्ये श्रमिकहरूका संगठनहरूले के कस्तो भूमिका खेलेको पाउनु भएको छ ?

.....................................................

.....................................................

त्यस्ता श्रमिकहरू आफैंले खेल्नुपर्ने भूमिका :

.....................................................

.....................................................

यी मध्ये श्रमिकहरू आफैंले के कस्तो भूमिका खेलेको पाउनु भएको छ ?

.....................................................

.....................................................

**अब कोभिड १९ का बेलामा अनौपचारिक क्षेत्रका श्रमिकहरुको अवस्थाका बारेमा कुरा गरौँ ।**

- कोभिड १९ र लकडाउन जस्तो संकटका बेलामा अनौपचारिक क्षेत्रका श्रमिकहरूले भोग्नु परेका प्रमुख समस्याहरू के के थिए ?

  .....................................................

  .....................................................

- फेरि पनि कोभिड १९ र लकडाउन जस्तो संकटको कुनै परिस्थिति सिर्जना भयो भने त्यस्तो बेलामा अनौपचारिक क्षेत्रका श्रमिकहरूले भोग्नु परेका प्रमुख समस्याहरूको समाधानका लागि कसले के कस्तो भूमिका खेल्नु पर्छ ?

  संघीय वा प्रदेश तहको सरकारले खेल्नुपर्ने भूमिका :

  .....................................................

  .....................................................

  .....................................................

  स्थानीय तहको सरकारले खेल्नुपर्ने भूमिका :

  .....................................................

  .....................................................

  .....................................................

  गैरसरकारी क्षेत्रका संस्थाहरूले खेल्नुपर्ने भूमिका :

  .....................................................

  .....................................................

  .....................................................

  श्रमिकहरूका संगठनले खेल्नुपर्ने भूमिका :

  .....................................................

  .....................................................

  .....................................................

  त्यस्ता श्रमिकहरू आफैंले खेल्नुपर्ने भूमिका :

  .....................................................

  .....................................................

  .....................................................

- **अब फेरि अर्को प्रसङ्गमा जाऔँ**, अनौपचारिक क्षेत्रका स्वरोजगारहरू संगठित हुने तथा सम्बद्ध निकायमा दर्ता भएर अघि बढ्ने सवालमा के कस्ता मुख्य चुनौतीहरू देखिएका छन् ? (जस्तैः करको कुरा, संगठित वा दर्ता हुँदा खासै फाइदा नहुनु वा त्यस्ता फाइदाका बारेमा जानकारी नहुनु, राज्यका झञ्झटिला नियम कानूनहरू वा यस्तै अन्य कुनै कारणहरू, सम्भव भएसम्म केही उदाहरणहरू सहित बताइदिनु हुन्छ कि ?)

.........................................................................................................................................................................................................................................
.........................................................................................................................................................................................................................................
............................................................................................................

- यहाँलाई उल्लेख गर्न मन लागेको अरू कुनै कुरा छ कि ?

.........................................................................................................................................................................................................................................
...........................................................................................................................................................................................

**यति जानकारी दिनु भएकोमा तपाईँलाई धेरै धेरै धन्यवाद ।**

*****

*Government of Nepal*

**National Planning Commission**

**Singha Durbar, Kathmandu**

**Phone: +977 - 1- 4211970**

**Fax: +977 - 01 4211700**

**Email: npc@npc.gov.np**